




# हामी र हाम्रो समाज

## We and Our Society

एकाइ १

## तहगत सक्षमता

- हामी र हाम्रो समाजका विविध पक्षहरूको पहिचान, सम्मान, संरक्षण र संवर्धन ।
- स्थानीय तहमा सञ्चालित विकासका कार्यहरूको जानकारी र सहभागिता ।

## सिकाइ उपलब्धिहरु
## Learning Achievements

यस एकाइको अन्त्यमा तपाईं निम्न कार्य गर्न सक्षम हुनुहुनेछ :

- विकासको अवधारणा र नेपालमा विकासका सम्भावनाहरू उल्लेख गर्न ।
- विकासका पूर्वाधारको रुपमा खानेपानी, ऊर्जा र जनशक्तिको महत्व एवम् वर्तमान अवस्था वर्णन गर्न ।
- नेपालको सङ्घीय राज्यको पहिचान गर्न ।
- आफू बसेको प्रदेशको परिचय, संरचना र त्यहाँको भौगोलिक, सामाजिक र सांस्कृतिक अवस्था बताउन ।
- आफ्नो प्रदेशका प्रमुख विकास कार्यक्रम/ आयोजनाको पहिचान गरी तिनको विशेषता र प्रभाव बताउन ।

पाठ

१

# विकासको अवधारणा

# Concept of Development






# विकासको अर्थ Meaning of Development

- कुनै पनि स्थान, व्यक्ति वा संस्थाको भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, प्राविधिक आदि क्षेत्रमा हुने सकारात्मक परिवर्तन

उदाहरण

- डोकोमा बिरामी बोकेर अस्पताल पुऱ्याउनुपर्ने दुर्गम ठाउँमा पिच बाटो पुग्नु
- अस्पताल स्थापना हुनु
- खानेपानीको व्यवस्था हुनु
- शिक्षा र स्वास्थ्यको सुविधा पुग्नु



Asmita

# विकासका विविध आयामहरू

## वातावरणीय आयाम (Environmental Dimension)

- प्रदूषण नियन्त्रण
- वृक्षारोपण गर्नु
- जलवायु परिवर्तनका असर कम हुनु ।

## भौतिक आयाम (Physical Dimension)

सडक, खानेपानी, जलविद्युत्, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, भवन, उद्योग, खेलमैदान आदिको निर्माण, मर्मत आदि।

## सामाजिक सांस्कृतिक आयाम (Socio-cultural Dimension)

- अन्धविश्वास, सामाजिक कुरीति तथा सामाजिक समस्या कम हुनु ।
- समाजमा शान्ति सुरक्षा कायम हुनु ।
- असल संस्कार निर्माण हुनु ।
- सामाजिक विभेद हट्नु ।

## आर्थिक आयाम (Economic Dimension)

- गरिबी तथा बेरोजगारी घट्नु ।
- आयआर्जनका अवसरमा वृद्धि हुनु ।
- उद्योग कलकारखाना खुल्नु ।
- उत्पादन बढ्नु ।
- पूँजी, मुद्रा, वित्तीय व्यवस्था ।

## प्राविधिक आयाम (Technological Dimension)

- उन्नत विकसित प्रविधिको प्रयोग हुनु ।
- थोरै श्रमबाट धेरै उत्पादन हुनु ।
- सूचना तथा प्रविधिको विकास ।

## राजनीतिक आयाम (Political Dimension)

- निरङ्कुशताको साटो लोकतन्त्र स्थापना हुनु ।
- मतदानको सही प्रयोग हुनु ।
- इमानदार र दूरदर्शी नेतृत्व छनोट हुनु ।

Asmita
ASMITA

# विकासको आवश्यकता र महत्व

## Need and Importance of Development

- विकासले जीवनयापन सहज बनाउँछ ।
- आयआर्जनको अवसर निर्माण गर्छ ।
- आधारभूत आवश्यकता पूर्ति गर्न मद्धत गर्छ ।
- चेतनास्तर वृद्धि गर्छ ।
- स्रोतसाधनको उचित प्रयोग गर्न मद्धत गर्छ ।




Asmita

ASMITA

# विकसित, विकासोन्मुख र अल्पविकसित देशको विकासको अवस्था
## Development in Developed, Developing and Underdeveloped Countries

**विकसित देशहरूको विकासको अवस्था (Status of Development of Developed Countries)**

❖ **परिभाषा :** त्यस्ता देशहरू जहाँका नागरिक गुणस्तरीय जीवन व्यतित गर्छन्, संवृद्धअ र्थतन्त्र हुन्छ, प्राविधिक प्रगति भएको हुन्छ र मृत्युदर कम हुन्छ ।

❖ **उदाहरण :** नर्वे, फिनल्याण्ड, डेनमार्क, अष्ट्रेलिया जस्ता देशहरू

❖ **विशेषता :**

- तीव्र रूपमा विकास भइसकेको
- प्रविधिको विकास भएका
- मृत्युदर घटेको
- उच्च खालको जीवनशैली हुन्छ ।
- विगतमा औद्योगिकरण भएका
- जन्मदर नियन्त्रण भएको,
- सडक, बत्ती, शिक्षा, स्वास्थ्य आदि पूर्वाधार पुगेको

Asmita

ASMITA

## विकासोन्मुख देशहरूको विकासको अवस्था (Status of Development of Developing Countries)

❖ **परिभाषा** : तीव्र रूपमा विकास भइरहेका मध्यम खालको गुणस्तरीय जीवन, मध्यम खालको अर्थतन्त्र भएका देशलाई विकासोन्मुख देश, उदीयमान अर्थतन्त्र (Emerging economy) पनि भनिन्छ ।

❖ **उदाहरण** : भारत, चीन, दक्षिण कोरिया, साउदी अरेबिया

❖ **विशेषता** :

- विगतको तुलनामा तीव्र विकास भइरहेको
- समग्र देशको विकास भएपनि सबै नागरिकले समान रूपमा विकासका अवसर पाउन सकेका हुँदैनन् ।
- भौतिक विकास भएपनि समग्र विकास, मानव विकास सूचकांकमा पछाडि परेका हुन्छन् ।

Asmita

## अल्पविकसित देशहरूको विकास अवस्था (Development Status of Underdeveloped Countries)

❖ **परिभाषा** : कमजोर राष्ट्रिय आम्दानी भएका, गरिबी व्याप्त भएका, शिक्षा, स्वास्थ्यलगायतका सुविधाहरू पर्याप्त नभएका र निम्नगुणस्तरीय जीवन भएका देशहरू

❖ **उदाहरण** : नेपाल, सुडान, अफगानिस्तान, भुटान आदि

विश्वमा ४७ ओटा देशहरू अति कम विकसित देशको सूचिमा छन् ।

❖ **विशेषता** :

- यस्ता देशको प्रतिव्यक्ति आम्दानी (Per capita income) १०१८ अमेरिकी डलरभन्दा कम हुन्छ ।
- बालमृत्युदर र मातृमृत्युदर उच्च हुन्छ ।
- यस्ता देशमा आधारभूत आवश्यकता पूर्ति गर्न पनि धौ धौ हुन्छ ।

नेपाल, भुटान, एङगोला, बङ्गलादेश जस्ता देशहरू अति कम विकसित मुलुकबाट मध्यम आय भएका मुलुकमा स्तरोन्नति हुने प्रक्रियामा छन् ।

Asmita

ASMITA

# विकासका लागि आवश्यक स्रोतसाधन

## Means and Resources required for Development

- प्राकृतिक स्रोत
- मानव स्रोत
- आर्थिक स्रोत

पाठ

३

# नेपालमा विकासका सम्भावना

# Development Prospects of Nepal





## प्राकृतिक स्रोतसाधन Natural Resources

- क्षेत्रफलमा सानो भए तापनि नेपाल प्राकृतिक स्रोतसाधनमा सम्पन्न
- सेतो कोइला (White coal) भनेर चिनिने जलस्रोतमा विश्वकै अग्रस्थानमा
- ६००० भन्दा बढी नदीनाला, ८३००० मेगावाट जलविद्युत् निकाल्न सकिने अनुमान गरिए तापनि आर्थिक तथा प्राविधिक हिसाबले पनि ४२००० मेगावाटसम्म जलविद्युत् निकाल्न सकिने सम्भावना
- जलविद्युत् ऊर्जाको घरायसी प्रयोग मात्र नभई भारत, बङ्गलादेशलगायतका देशमा बिक्री वितरण गरेर आयआर्जन गर्न सकिने ।

## जनशक्ति/ मानव स्रोत Human Resources

- यतिखेर नेपालमा सक्रिय जनसङ्ख्या (१५–५९ वर्षको जनसङ्ख्या) ६१.९६ प्रतिशत
- यो जनसङ्ख्या बढी हुनुको अर्थ देशको विकासको सम्भावना उच्च हुनु हो ।
- मानव संसाधनको यो उपलब्धतालाई जनसाङ्ख्यिक लाभांश (Demographic dividend) भनिन्छ ।
- धेरै नेपालीहरूले विश्वका विभिन्न देशमा काम गरेर देशमा विप्रेषण पठाएका




Asmita

## विकसित छिमेकी Developed Neighbours

- नेपालका दुई छिमेकीहरू भारत र चीन विश्वमै उदीयमान अर्थतन्त्रको रूपमा विकसित भइरहेका
- यो पनि नेपालको विकासका लागि एउटा महत्त्वपूर्ण अवसर हो ।
- यसको सदुपयोग गरेर नेपालले ठुला ठुला विकास निर्माणका आयोजनाहरू सञ्चालन गर्न सक्छ ।



Asmita

ASMITA

# पर्यटन Tourism

❖ नेपालमा पर्यटनको प्रचुर सम्भावना रहेको

❖ विश्वका अग्ला हिमालहरूमा पर्वतारोहणमार्फत पनि नेपालले मनग्य आम्दानी गर्न सक्ने।

❖ बौद्ध धर्मका संस्थापक गौतम बुद्धको जन्मभूमि लुम्बिनी

❖ जातीय तथा धार्मिक विविधता विश्वभरका मानिसहरूका लागि अध्ययन तथा अनुसन्धानको विषय बन्न सक्ने

❖ पर्यटन व्यवसायबाट विदेशी मुद्रा आर्जन गर्न सकिने।



पाठ
३

# विकासका पूर्वाधार
# Infrastructure of Development






Asmita

# विकासका पूर्वाधारको अर्थ
## Meaning of Infrastructure of Development

- विकास आयोजना सुरु गर्नुभन्दा पहिला आवश्यक आधार कुराहरूलाई विकासका पूर्वाधार भनिन्छ ।
- विकासका क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने भौतिक, मानवीय, प्राकृतिक, सामाजिक, राजनीतिक तथा आर्थिक तत्त्वलाई विकासका पूर्वाधार भनिन्छ ।



# पूर्वाधारका प्रकार Types of Infrastructure

## विकासका पूर्वाधार (Infrastructures of Development)

### भौतिक पूर्वाधार (Physical Infrastructures)

- सडक (Road)
- विद्युत् (Electricity)
- यातायात (Transportation)
- खानेपानी (Drinking water)
- सञ्चार (Communication)
- ऊर्जा (Energy)

### आर्थिक पूर्वाधार (Economic Infrastructures)

- पूँजी (Capital)
- प्राकृतिक स्रोतसाधन (Natural resources)

### सामाजिक राजनीतिक पूर्वाधार (Social–Political Infrastructures)

- जनसहभागिता (Public participation)
- नीति, नियम, ऐन, कानुन (Policy, rule, law)
- मानवस्रोत (Human resource)
- शिक्षा (Education)
- स्वास्थ्य (Health)

Asmita

# विकासका पूर्वाधारको महत्व
## Importance of Infrastructure of Development

- विकास कार्य तीव्र बनाउँछन्
- स्रोतसाधन उपलब्ध हुन्छ
- जनसहभागितामा वृद्धि हुन्छ
- योजनाबद्ध विकास सम्भव हुन्छ
- विकास सन्तुलित हुन्छ

# नेपालमा विकासको पूर्वाधारका समस्या
## Problems of Infrastructure of Development in Nepal

- असुविधाजनक भूधरातल
- पूँजीको अभाव
- दक्ष जनशक्तिको अभाव
- ढिलासुस्ती र भ्रष्टाचार



पाठ

८

# विकासको पूर्वाधारः खानेपानी

## Infrastructure of Development: Drinking Water





## नेपालमा खानेपानीको अवस्था Status of Drinking Water in Nepal

- विगतमा जनतालाई खानेपानी उपलब्ध गराउन कुवा, इनार, ढुङ्गे धारा आदिको निर्माण गरिएको थियो ।
- काठमाडौं उपत्यकाको हकमा खानेपानीका लागि पहिलो पाइप वीरशमशेरको पालामा काठमाडौंमा ल्याइएको थियो।
- काठमाडौंको उत्तरमा रहेको शिवपुरी क्षेत्रबाट पाइपमार्फत पानी ल्याएर महाराजगञ्जको जलाशयमा भण्डारण गरिएको थियो । हाल यो जलाशयलाई '"पानीपोखरी' भनिन्छ ।
- काठमाडौं उपत्यकाको खानेपानीको समस्या समाधान गर्न सिन्धुपाल्चोक जिल्लाको मेलम्ची खोलाबाट पानी ल्याएर मेलम्ची खानेपानी आयोजना सम्पन्न भएको छ ।

Asmita

ASMITA

# नेपालमा खानेपानीको अवस्था Status of Drinking Water in Nepal

❖ देशका कतिपय सहरमा खानेपानीको समस्या अतिनै बिकराल छ। धरान उपमहानगरपालिकामा खानेपानीको समस्याको मुद्दा उठाएर हर्क साम्पाङ्ले मेयरको पद जिते।

❖ अहोरात्र खटेर सबैभन्दा पहिला उनले आफ्नो वाचा पुरा गरेर धरानमा खानेपानी ल्याएरै छोडे।

❖ छक्कापन्जा सिरिजको छ माया छपक्कै फिल्ममा खानेपानीको समस्यामा भएको राजनिती सुदुरपश्चिमको एउटा गाउँमा भएको वास्तविक घटना थियो। उक्त फिल्म हिट भएको थियो।






Asmita

# नेपालमा खानेपानीको अवस्था Status of Drinking Water in Nepal

- जलस्रोतमा धनी भएपनि पहाड र तराईका ग्रामीण तथा सहरी क्षेत्रमा खानेपानीको समस्या
- ग्रामीण क्षेत्रमा एक गाग्री पानी लिन पनि लामो दुरी हिँड्नुपर्ने वाध्यता
- पानीका खुला स्रोतहरू दूषित रहेका
- दूषित पानी पिउनाले झाडापखाला, टाइफाइड, हैजा, जन्डिस जस्ता रोग निम्तिने खतरा
- बढ्दो जनसङ्ख्याका कारण सहरी क्षेत्रमा पनि खानेपानीको माग पूरा गर्न गाह्रो
- ट्याङ्कर तथा जारको पानीले सहरी क्षेत्रको अधिकांश मागलाई धानेको
- तराईका अधिकांश जनता खानेपानीका लागि ट्युबवेलमा निर्भर, यस्तो पानीमा आर्सेनिक हुन सक्ने जसले छालाको रोग निम्त्याउन सक्ने ।







# नेपालमा खानेपानीका प्रमुख स्रोतहरु Major Sources of Drinking Water

**सतहको पानी (Surface water) :**

- ताल
- पोखरी
- खोला
- नदीको पानी



**भूमिगत पानी (Underground water) :**

- ट्युबवेल
- बोरिङ
- इनार



Asmita

# नेपालमा खानेपानीका विद्यमान समस्या र समाधानका उपायहरु

## Problems of Drinking Water in Nepal and their Solutions

### समस्याहरू (Problems)

- पूँजीको अभाव ।
- उपयुक्त नीति, कार्यक्रम र योजनाको अभाव ।
- खानेपानीका योजना पूरा हुनमा ढिलाइ ।
- खानेपानीका आयोजनाहरूको उचित मर्मत सम्भार हुन नसक्नु र पानीको चुहावट हुनु ।
- खानेपानीको आपूर्ति अनियमित र अपर्याप्त हुनु ।
- खानेपानीका पाइपमा ढल र अन्य फोहर मिसिने कारणले फोहर पानीको आपूर्ति हुनु ।
- स्थानीय तहमा बिना प्राविधिक परीक्षण सडक खन्ने प्रवृत्तिले पानीका मुहान सुक्नु ।

Asmita

ASMITA

## समाधानका उपायहरु (Solution Measures)

- वर्षायाममा आकाशबाट पर्ने पानीलाई जम्मा गरेर सुख्खायामको पानीको अभावलाई धान्ने ।
- अव्यवस्थित सहरीकरण र उच्च जनसङ्ख्या वृद्धिदरलाई नियन्त्रण गर्ने ।
- जनसहभागितालाई जोड दिने ।
- खानेपानीको चुहावट रोक्ने ।
- स्रोतको संरक्षण र पानीको समुचित प्रयोगमा उपभोक्तालाई सचेत बनाउने ।
- आधुनिक प्रविधिको उपयोगबाट खानेपानीको शुद्धता र वितरण प्रणालीमा जोड दिने ।
- धारा प्रयोग गरिसकेपछि बन्द गर्ने र धारा खुला गरेर अरु काम नगर्ने ।
- खानेपानीलाई अरु उद्देश्यका लागि प्रयोग नगर्ने ।

# खानेपानी शुद्ध गर्ने तरिकाहरु
## Methods of Purification of Drinking Water



१. **उमालेर (Boiling):** पानीमा रहेका किटाणुलाई उमालेर मार्न सकिन्छ ।



२. **फिल्टर गरेर (Filtering):** पानीलाई फिल्टर गरेर पनि शुद्ध बनाउन सकिन्छ । फिल्टर राख्दा राम्रो गुणस्तरको फिल्टर राख्नुपर्छ ।

३. **केमिकल राखेर (Using chemical):** क्लोरिनको प्रयोग गरेर पनि पानीलाई शुद्ध गर्न सकिन्छ ।



४. **सोडिस विधि (SODIS method):** एउटा प्लाष्टिकको पारदर्शी बोतलमा पानी राखी घाममा तताएर पनि पानीलाई शुद्ध गर्न सकिन्छ ।

Asmita

ASMITA

पाठ

५

# विकासको पूर्वाधार: ऊर्जा

# Infrastructure of Development: Energy







## ऊर्जाको अर्थ Meaning of Energy

- बिजुली, पेट्रोलियम, कोइला, दाउरा, सूर्य आदि विभिन्न स्रोतबाट प्राप्त हुने शक्तिलाई ऊर्जा भनिन्छ ।
- हामीलाई विभिन्न उद्देश्यका लागि ऊर्जा चाहिन्छ ।
- उदाहरणका लागि: बत्ती बाल्न, घरायसी उपकरणहरू चलाउन, उद्योग, कलकारखाना, अस्पताल र अन्य कार्यालयहरूमा मेसिन र उपकरणहरू सञ्चालन गर्न ऊर्जाको आवश्यकता पर्छ ।
- नेपालसँग कुनै ठुलो तेल वा कोइलाको भण्डार छैन उपलब्ध खनिज पनि कठिन भूगोल भएको स्थानमा छन् ।

Asmita
ASMITA

## ऊर्जाका प्रकार तथा स्रोतहरु Types and Sources of Energy

**ऊर्जाका स्रोत (Sources of Energy)**

**परम्परागत स्रोत (Conventional Sources)**

- दाउरा, गुइँठा, ब्रिकेट, कोइला

**आधुनिक स्रोत (Non-conventional sources)**

- पेट्रोलियम, जलविद्युत्, सौर्य ऊर्जा, वायु ऊर्जा, बायोग्यास, फोहोरमैलाबाट उत्पादित ऊर्जा, आणविक ऊर्जा आदि ।

Asmita

# ऊर्जाका प्रकार तथा स्रोतहरु Types and Sources of Energy

## १. परम्परागत स्रोत

- दाउरा
- गुइँठा
- ब्रिकेट
- कोइला

## २. आधुनिक स्रोत

- पेट्रोलियम
- जलविद्युत्
- सौर्य ऊर्जा
- वायु ऊर्जा
- फोहोरमैलाबाट उत्पादित ऊर्जा
- आणविक ऊर्जा

# नेपालमा ऊर्जाको महत्व
## Importance of Energy in Nepal

१. दैनिक आवश्यकता पूर्ति

२. औद्योगिक विकास

३. यातायातको विकास

४. कृषि क्षेत्रको विकास

५. शिक्षा र स्वास्थ्य क्षेत्रको विकास

६. निर्यात वृद्धि र आयात कमी गर्न

Asmita

ASMITA

# नेपालमा ऊर्जा क्षेत्रको विकासका समस्या र समाधान

## Problems related to Energy in Nepal and their Solutions

| समस्या (Problem) | समाधान (Solution) |
|---|---|
| ▪ लगानीको अभाव | ▪ विदेशी लगानी भित्र्याउने वातावरण निर्माण गर्ने। |
| ▪ ट्रान्समिसन लाइनको अभाव | ▪ जलविद्युत् आयोजनाहरू समयमै सम्पन्न गर्ने। |
| ▪ उत्पादित विद्युत् बिक्री गर्ने बजारको अभाव हुन सक्ने | ▪ भारत र बङ्गलादेशलाई विद्युत् बेच्न प्रयास गर्ने। |
| ▪ पेट्रोलियम पदार्थ किन्दा ठुलो रकम विदेशिने | ▪ विद्युतीय सवारीसाधनको प्रयोग बढाउने। |
| ▪ दाउरा, गुइँठा, ब्रिकेट जस्ता परम्परागत स्रोतको प्रयोग कम गर्न नसकिएको | ▪ खाना पकाउने ग्यास (एलपिजी) को सट्टा इन्डक्सन चुलोको प्रयोग बढाउने। |
| | ▪ विद्युत् सेवाको विस्तार बढाउने। |

Asmita

# ऊर्जा सङ्कट
## Energy Crisis

- घरायसी कामकाज र उद्योग कलकारखाना सञ्चालन गर्न आवश्यक पर्ने ऊर्जाको चरम अभाव भएको अवस्थालाई ऊर्जा सङ्कट भनिन्छ ।
- ऊर्जाको माग बढ्ने तर त्यहीअनुसार उत्पादन बढाउन नसक्दा ऊर्जा सङ्कट आउँछ ।
- नेपालमा पनि विगतमा लामो समयको लोडसेडिङ हुने गरेको थियो । अहिले पनि वर्षायाममा उत्पादन बढी हुने तर हिउँदमा नदी तथा खोलामा पानी घट्दा कम उत्पादन हुन्छ ।
- अझै पनि औद्योगिक क्षेत्रमा मागअनुसार विद्युत् वितरण गर्न सकिएको छैन ।
- डिजल प्रयोग गरेर कलकारखाना सञ्चालन गर्नुपर्दा स्वदेशी उत्पादन महङ्गो हुन्छ ।

# ऊर्जा सङ्कट
## Energy Crisis

नेपालमा ऊर्जा सङ्कट हुन नदिने उपाय निम्न छन् :

- निर्माण भइरहेका जलविद्युत् आयोजनाहरू समयमै सम्पन्न गर्ने ।
- वैकल्पिक ऊर्जाको उत्पादनमा जोड दिने ।
- उत्पादन भएको ऊर्जालाई प्रभावकारी रुपमा वितरण गर्ने ।
- विद्युत् चुहावटलाई नियन्त्रण गर्ने ।
- ऊर्जाको अनावश्यक प्रयोग कम गर्ने । उदाहरणको लागि: पैदल गएर पुग्ने ठाउँमा सवारी साधनको प्रयोग नगर्ने ।
- पेट्रोलियम पदार्थ अनवीकरणीय ऊर्जा भएको कारण  यसको प्रयोग कम गर्ने र विद्युतीय उपकरणको प्रयोग बढाउने ।
- घरमा विद्युत् खपत कम गर्ने उपकरणहरूको प्रयोग गर्ने ।


Asmita Publication
सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा
Social Studies and Human Value Education
८
लेखक
युवराज गौतम
खुबिराम आचार्य
सम्पादक
टीकाहरि बराल

# धन्यवाद !






# हाम्रा मानव मूल्यमान्यता
## OUR HUMAN VALUES AND NORMS

एकाइ २

# तहगत सक्षमता

- हाम्रा सामाजिक र मानवीय मूल्यमान्यताको पहिचान र बोध, संरक्षण एवम् संवर्धन ।
- राष्ट्रको सम्मान, राष्ट्रियताको जगेर्ना र राष्ट्रिय सम्पदाहरूको संरक्षण ।

# सिकाइ उपलब्धिहरु
## Learning Achievements

यस एकाइको अन्त्यमा तपाईं निम्न कार्य गर्न सक्षम हुनुहुनेछ :

- न्याय, शान्ति र अहिंसाको परिपालन गर्न ।
- नेपालको सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनहरूको खोजी गरी संरक्षण कार्यमा सहभागी हुन ।
- विविधतामा एकताको रुपमा नेपालको परिचय दिई सामाजिक सद्‌भाव र सहिष्णुता कायम राख्न ।
- नेपालका राष्ट्रिय सम्पदाको पहिचान गरी संरक्षण र संवर्धन कार्यमा सहभागी हुन ।
- विभिन्न अन्तर्राष्ट्रिय प्रेरणादायक व्यक्तित्वहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन ।
- सिर्जनशीलता र चरित्र निर्माणमा स्काउटको भूमिकाको खोजी तथा अभ्यास गर्न ।

Asmita

ASMITA

पाठ १

# न्याय, शान्ति र अहिंसा

# Justice, Peace and Non-Violence






# न्याय Justice

❖ न्याय पक्षपातरहित अवस्था हो जहाँ सबैलाई समान अवसर र व्यवहार प्राप्त हुन्छ ।

❖ न्यायको विपरीत अन्याय (Injustice) हुन्छ ।

❖ अपराध गर्नेले कसुरअनुसार सजाय पाउँछन् र असल काम गर्नेलाई प्रशंसा वा पुरस्कार प्रदान गरिन्छ ।

❖ सबैलाई पक्षपातरहित र समान रूपमा व्यवहार गर्ने कार्यलाई न्यायिक व्यवहार भनिन्छ ।

❖ न्यायिक व्यवहारले मानिसहरूलाई आफ्नो क्षमता, दक्षता र परिश्रमअनुसारको प्रतिफलपाउने वातावरण निर्माण गर्छ ।



Asmita

## शान्ति Peace

❖ विद्रोह, होहल्ला, कोलाहल, रडाको आदि नभएको अवस्थालाई शान्ति भनिन्छ ।

❖ शान्तिको अवस्थामा हिंसा, बल प्रयोग, आदि हुँदैन ।

❖ सामान्य अर्थमा भन्नुपर्दा शत्रुता र द्वन्द्व नभएको अवस्था नै शान्ति हो ।



# अहिंसा Non-violence

❖ हिंसा, हत्या, काटमार, झैझगडा नभएको अवस्थालाई अहिंसा भनिन्छ ।

❖ कुनै पनि प्राणीलाई तन, मन, कर्म, वचन र वाणीबाट दु:ख, पीडा आदि हुने र चित्त दुख्ने आचरण नगर्नु पनि अहिंसा हो ।

❖ अरुलाई पीडा दिनु, चित्त दुखाउनु र नोक्सानी पुऱ्याउनु गलत व्यवहार हो ।

❖ समाजमा शान्ति र सद्भाव कायम राख्नको लागि अहिंसा आवश्यक छ ।



# विवादको शान्तिपूर्ण समाधान
## Peaceful Settlement of Dispute

- विविधताको सम्मान गर्ने
- मित्रवत् व्यवहार गर्ने
- स-साना विवादको समाधान गर्ने
- नियम कानुनको पालना गर्ने
- सबै प्राणीलाई माया गर्ने



पाठ ३

# नेपालमा प्रचलित सामाजिक परम्परा र प्रचलन

# Social Customs and Traditions of Nepal







Asmita

## परम्पराको अर्थ Meaning of Custom

- पितापुर्खाको पालादेखि आजसम्म चल्दै आएका र हाम्रो जीवनलाई प्रभावित पार्दै आएका रीतिरिवाज, चालचलन र परम्परालाई परम्परा / प्रथा भनिन्छ ।
- समाजमा चलेका नीतिनियम तथा परम्परालाई सामाजिक परम्परा भनिन्छ भने धर्मसँग सम्बन्धित परम्पराहरू धार्मिक परम्परा हुन् ।
- आधुनिकताको विकास सँगसँगै कतिपय त्यस्ता प्रथाहरू लोप हुँदै गएका छन् भने कतिपय प्रथाहरू अझै पनि प्रचलनमा छन् ।



## प्रथाहरु Customs

### गुठी (Guthi)

- विशेषत: नेवा: समुदायमा प्रचलित संस्था / प्रथा
- लिच्छविकालदेखि नै सुरुवात भएको मानिन्छ ।
- लिच्छविकालमा विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न फरकफरक नामका गुठी (गोष्ठी) हरु प्रचलनमा थिए ।
- गुठीले गर्ने कामहरुको जिम्मेवारी गुठियारहरुलाई बाँडफाँड गरिएको हुन्छ ।

Asmita

# भेजा (Veja)

- सामाजिक क्रियाकलापहरू सञ्चालन गर्ने मगर समुदायमा प्रचलित संस्था
- भेजाले धार्मिक क्रियाकलाप, सामूहिक एकता, मनोरञ्जनात्मक क्रियाकलाप, खेतीपातीका क्रियाकलापहरूको पनि व्यवस्थापन गर्छ ।
- मगर समुदायका वरिष्ठ व्यक्तिलाई भेजाको प्रमुखको रूपमा छनोट गरिन्छ ।

## पर्म (Parma)

- काम गरेबापत पारिश्रमिक दिनुको सट्टा आफू-आफूमा आलोपालो गरेर एकले अर्काको काम गरिदिने प्रचलनलाई
- यस्तो प्रचलन गाउँघरतिर अझै पनि केही हदसम्म प्रचलनमा रहेको
- विशेषगरी गाउँघरतिर खेतीपाती गर्दा आधुनिक प्रविधिको प्रयोग नहुने कारण धेरै कामदारहरू चाहिने भएकोले कामलाई सहज बनाउन पर्मको महत्त्वपूर्ण भूमिका ।

## पैंचो (Paincho)

- खाँचो परेको बेलामा अरुबाट धन, मालसामान वा श्रम लिएर पछि फिर्ता गर्ने प्रचलन
- पहिले पहिले नजिकै पसलहरू नहुने र किनेर खाने प्रचलन कम भएका  कारण पैँचोको माध्यमबाट आवश्यक परेको बेलामा समस्या समाधान गर्ने चलन
- अचेल पनि गाउँसहरमा केही हदसम्म अँचोपैँचो गर्ने चलन छ ।

Asmita

## ङ. ढिकुटी / ढिकुर (Dhikuti/ Dhikur)

- व्यक्तिहरू मिलेर एउटा अनौपचारिक कोषमा निश्चित अवधिको लागि तोकिएको रकम जम्मा गर्ने र पालैपालो हरेक सदस्यले सो कोषको रकम प्रयोग गर्ने प्रचलन
- परम्परागत रूपमा ढिकुटी थकाली समुदायमा ढिकुर नामले प्रचलित
- यस्ता ढिकुटीहरूले पारस्परिक सहयोग जुटाउन महत्त्वपूर्ण भूमिका खेल्ने

Asmita

## माइजन (Maijan)

- तराईमा सम्बन्धित समुदायको कर्म चलाउने, वादविवाद मिलाउने, गाउँघरमा हुने विकासका क्रियाकलापहरूमा श्रमदान गराउने प्रथा
- यस्ता माइजनले सम्बन्धित समुदायमा जन्म, मृत्यु, विवाह संस्कार, भोजभतेर आदिका बारेमा निर्णय गर्ने
- माइजनले सुनाएको निर्णय अलिखित कानुन जस्तै

## रोधी (Rodhi)

- गुरुङ समुदायमा प्रचलित प्रथा
- साँझको समयमा युवायुवतीहरू रोधीघरमा जम्मा भई लोकगीत गाउने, नाच्ने र रमाइलो गर्ने ।
- कतिपय अवस्थामा एकअर्कालाई मन पराउने, माया साटासाट गर्ने र विवाहमा समेत परिणत हुन सक्ने
- यस्ता रोधीघरहरू लोपोन्मुख अवस्थामा
- गाउँघरमा होम स्टे वा अन्य पर्यटकीय गतिविधिहरू हुने ठाउँहरूमा नाचगान गर्ने चलन अझै पनि छ ।



# परम्परा / प्रथा तथा प्रचलनको संरक्षण
## Conservation of Customs and Traditions

- परम्परादेखि चलिआएका असल संस्कारहरूको संरक्षण गर्न
- समाजलाई सभ्य र सुसंस्कृत कायम राख्न
- इतिहासलाई बचाई राख्न
- जातीय, क्षेत्रीय पहिचानको संरक्षण गर्न

## परम्परा / प्रथा तथा प्रचलनको संरक्षणका उपाय
## Methods to Conserve Customs and Traditions

- प्रथा तथा प्रचलनका राम्रा पक्षहरूको बारेमा युवापुस्तालाई जानकारी गराउने ।
- प्रथा तथा प्रचलनभित्र रहेका कमीकमजोरीलाई सुधारेर राम्रा पक्षहरूलाई निरन्तरता दिने ।
- प्रथा तथा प्रचलनका बारेमा विद्यालय तथा समुदायमा सचेतना कार्यक्रम आयोजना गर्ने ।
- सञ्चारका माध्यम तथा सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने ।
- सकारात्मक प्रथा तथा प्रचलनमा बालबालिका तथा युवाहरूलाई पनि सहभागी बनाउने ।
- मूलस्वरुप नबिगारी प्रथा तथा प्रचलनलाई समयअनुसार परिवर्तन गर्दै जाने ।

पाठ

३

# नेपालका सामाजिक तथा धार्मिक क्रियाकलाप

# Social and Religious Activities of Nepal





# ब्राह्मण / क्षेत्री

**जन्मसंस्कार:** बालक जन्मेको ११ दिनमा पुरोहितद्वारा न्वारन गर्ने, बच्चाको नाम राख्ने, सुत्केरी चोख्याउने, ११ दिनसम्म सुतक बार्ने ।

**विवाह संस्कार:** आफ्नो गोत्रमा बिहे नगर्ने, ब्रतबन्ध गरेपछि मात्र बिहे गर्ने, पुरोहितद्वारा कर्मकाण्ड गरेर विवाह गर्ने ।

**मृत्युसंस्कार:** पुरोहितद्वारा कर्मकाण्ड पूरा गरी सत्गत गर्ने, १३ दिनसम्म काजकिरिया गर्ने, मृत्यु भएका आफन्तको सम्झनामा वार्षिक रुपमा श्राद्ध गर्ने, मृत्यु तिथिअनुसार असोजमा स्रोह्र श्राद्ध गर्ने ।

# नेवार

**जन्मसंस्कार:** हिन्दु र बौद्ध नेवार सम्प्रदायका परम्परा फरक छन् । बच्चा जन्मेको ४ दिनदेखि ११ दिनमा चोख्याउने ।

**विवाह संस्कार:** बालिका ७ वर्ष भएपछि बेलसँग (इही) गरिन्छ ।

**मृत्युसंस्कार:** गुठियारहरू जम्मा भई शवको दाहसंस्कार गरिन्छ । १३ दिनसम्म काजकिरिया गर्ने, तिथिअनुसार श्राद्ध गर्ने ।

## मुसहर

जन्मसंस्कार: बच्चा जन्मेको ६ दिनमा चोरव्याउने ।

विवाह संस्कार: आफ्नै जातिभित्र मागी विवाह गर्ने ।

मृत्युसंस्कार: शवलाई सत्गत गर्ने, १६ दिनसम्म काजकिरिया गर्ने ।

## मण्डल

जन्मसंस्कार: बच्चा जन्मेको ६ दिनमा छठियार गर्ने ।

विवाह संस्कार: आफ्नै जातिभित्र मागी विवाह गर्ने ।

मृत्युसंस्कार: शवलाई सत्गत गर्ने, १३ दिनसम्म काजकिरिया गर्ने ।

## विश्वकर्मा/ मिजार/ परियार

**जन्मसंस्कार:** बालक जन्मेको ११ दिनमा पुरोहितद्वारा न्वारन गर्ने, बच्चाको नाम राख्ने, सुत्केरी चोख्याउने, ११ दिनसम्म सुतक बार्ने ।

**विवाह संस्कार:** आफ्नो गोत्रमा बिहे नगर्ने, पुरोहितद्वारा कर्मकाण्ड गरेर विवाह गर्ने ।

**मृत्युसंस्कार:** सत्गत गर्ने, १३ दिनसम्म काजकिरिया गर्ने, वार्षिक रुपमा श्राद्ध गर्ने, मृत्यु तिथिअनुसार सोह्र श्राद्ध गर्ने ।

## गुरुङ

**जन्मसंस्कार:** जन्मेको छ अथवा दश दिनपछि लामा वा घ्याप्रिङबाट विधिपूर्वक न्वारन गरिन्छ । कतै कतै तीन दिनमा पनि न्वारन गर्ने चलन छ ।

**विवाह संस्कार:** आफ्नै जातभित्र तर आजकाल फरक जातसँग पनि विवाह हुन थालेको छ ।

**मृत्युसंस्कार:** मृत्यु भएको तेह्र दिनसम्म जुठो बार्ने । नदीमा लगेर जलाउने वा चिहान डाँडामा लगेर गाड्ने दुवै चलन प्रचलित छन् । एक वर्षपछि मृतकको सम्झनामा अर्घो वा पाये गर्ने ।

Asmita

## तामाङ

**जन्मसंस्कार:** बच्चा जन्मेको तीन दिनपछि लामाले विधिपूर्वक न्वारन गर्ने ।

**विवाह संस्कार:** प्राय: आफ्नै जातिभित्र ।

**मृत्युसंस्कार:** लामा बोलाएर लासको वरिपरि १०८ दियो बालिन्छ । लामाले साइत जुराएपछि शवलाई डाँडामा गाडिन्छ । मृत्यु भएको ४९ दिनमा घेवा गरिन्छ भने एकवर्ष बितेपछि मृतकको नाममा माने बनाइन्छ ।

## राई

**जन्मसंस्कार:** बच्चा जन्मेको तीन दिनदेखि ६ दिनभित्र न्वारन गर्ने ।

**विवाह संस्कार:** मागी विवाह, प्रेम विवाह ।

**मृत्युसंस्कार:** शवलाई तोकिएको स्थानमा गाड्ने ।

Asmita

## लिम्बू

जन्मसंस्कार: छोराको चार दिन र छोरीको तीन दिनमा न्वारन गर्ने ।

विवाह संस्कार: मागी विवाह, प्रेम विवाह दुवै चल्ने ।

मृत्युसंस्कार: तोकिएको स्थानमा शवलाई गाड्ने ।

## शेर्पा

जन्मसंस्कार: बच्चा जन्मेको ३, ४ वा ८ औं दिनमा बौद्ध परम्पराअनुसार न्वारन

विवाह संस्कार: मागी विवाह र प्रेम विवाह ।

मृत्युसंस्कार: बौद्ध परम्पराअनुसार मृत्यु भएको तीनदेखि पाँच दिनभित्र समाधि गर्ने ।

Asmita

# हाम्रा धार्मिक संस्कार Our Religious Rituals

## हिन्दुसंस्कार (Hindu Rituals)

- हिन्दु धर्मका प्रमुख संस्कारहरू
  - पूजा
  - ध्यान
  - व्रत
  - मूर्तिपूजा
  - भजनकीर्तन आदि हुन् ।



हिन्दु धर्ममा पुनर्जन्मको पनि महत्व हुन्छ ।

यो जन्ममा गरेका असल कामको परिणामस्वरूप अर्को जन्ममा पुण्य प्राप्त हुन्छ भन्ने अवधारणा

## बौद्धसंस्कार (Buddhist Rituals)

❖ बौद्ध धर्ममा पनि पूजा, ध्यान, मन्त्र आदिको महत्व हुन्छ ।

❖ बौद्ध धर्ममा वज्रयान, महायान र थेरवाद सम्प्रदाय छन् ।

❖ बौद्ध नेवार सम्प्रदाय वज्रयान सम्प्रदायअन्तर्गत पर्छन् ।

❖ गुरुजु, वज्राचार्य वा शाक्यहरुद्वारा यस्ता संस्कार सम्पन्न गरिन्छ ।

❖ नेवार बौद्ध समुदायमा सम्यक, जनवह ध्याम जात्रा, वज्रयोगिनी जात्रा आदि महत्वपूर्ण छन् ।

❖ तामाङ, शेर्पा, गुरुङ, बौद्ध समुदायमा फरक फरक संस्कारहरू रहेको पाइन्छ ।



## किराँत संस्कार (Kirat Rituals)

किराँत समुदायमा प्रकृतिको पूजा गरिन्छ । किराँत समुदाय (राई, लिम्बू, सुनुवार र याक्खा) समुदायमा प्रकृति (सूर्य, पहाड, चन्द्रमा, वायु, आगो) र पुर्खाको पूजा गरिन्छ । किराँती संस्कारहरू किराँती धर्मग्रन्थ मुन्धुमअनुसार सम्पन्न गरिन्छ ।

## इस्लाम संस्कार (Islam Rituals)

इस्लाम समुदायका आफ्नै संस्कार रहेका छन् । केही प्रमुख इस्लाम संस्कारहरू सलात (नमाज पढ्ने), जकात (दान), हज (तीर्थाटन) आदि हुन् । हरेक इस्लामले अल्लाहका नाममा नमाज पढ्ने, आफ्नो आम्दानीबाट केही अंश अनिवार्य दान गर्ने र कम्तीमा एकपटक हज (मक्का मदिनाको तीर्थाटन) गर्नुपर्ने मान्यता छ ।

Asmita

## इसाई संस्कार (Christian Rituals)

इसाई परम्परामा कुनै पनि नवजीवित शिशु वा नवप्रवेशी इसाईलाई ब्याप्टिजम ( नाम दिने कार्य) गर्ने, चर्चमा विवाह गर्ने र मरेपछि कफनमा राखेर गाड्ने परम्परा रहेको छ ।


Asmita
Publication
सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा
Social Studies and Human Value Education
८
लेखक
युवराज गौतम
खुबिराम आचार्य
सम्पादक
टीकाहरि बराल

धन्यवाद !

एकाइ १

# हामी र हाम्रो समाज
# We and Our Society





पाठ १

# समाजको उत्पत्ति र विकास

# Origin and Development of Society





# पूर्वपठन क्रियाकलाप

## Pre Reading Activity

दिइएका वाक्यहरु सिलसिलेवार रुपमा मिलाउनुहोस् ।

**समय :** ५ मिनेट

सम्बन्धबाट मैत्रीपूर्ण व्यक्तिहरूबिचको मानवीय सङ्गठनलाई साझा उद्देश्य प्राप्तिका लागि स्थापित समाज भनिन्छ । मित्रता सङ्गठित समाज र परस्पर मेलमिलापको रूप हो । मानिसहरूको वा एकै स्थानमा बसोबास गर्ने एउटै रहनसहन, व्यवस्था, धर्म आदि अङ्गाल्ने समूहलाई समाज भनिन्छ ।

तपाईंको अनुमान मिल्यो कि मिलेन जाँच गर्नुहोस् ।

व्यक्तिहरूबिचको मैत्रीपूर्ण सम्बन्धबाट साझा उद्देश्य प्राप्तिका लागि स्थापित मानवीय सङ्गठनलाई समाज भनिन्छ । समाज मित्रता र परस्पर मेलमिलापको सङ्गठित रूप हो । एउटै रहनसहन, व्यवस्था, धर्म आदि अङ्गाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ ।

# समाजको परिचय Introduction to Society

- व्यक्तिहरूबिचको मैत्रीपूर्ण सम्बन्धबाट साझा उद्देश्य प्राप्तिका लागि स्थापित मानवीय सङ्गठनलाई समाज भनिन्छ ।
- अङ्ग्रेजी भाषाका Society शब्द ल्याटिन भाषाको Socious वा Societas र फ्रेन्च भाषाको Societe शब्दबाट आएको हो जसको अर्थ मैत्रीपूर्ण सम्बन्ध वा मेलमिलाप (Friendly association with other) हुन्छ ।
- शाब्दिक अर्थमा समाज मित्रता र परस्पर मेलमिलापको सङ्गठित रूप हो ।
- एउटै रहनसहन, व्यवस्था, धर्म आदि अङ्गाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ ।

**नेपाली बृहत् शब्दकोश**



चित्र: सहयोग

# समाजको परिचय Introduction to Society

- समाजमा विविध सांस्कृतिक रूचि र धार्मिक आस्था बोकेका व्यक्तिहरूको बसोबास हुन्छ ।
- समाजमा साझा उद्देश्य वा लक्ष्य (Common goal) प्राप्ति र एकताको लागि मानिसहरूको सहभागिता हुन्छ ।
- भूगोल, धर्म, संस्कृति, विज्ञान प्रविधिको विकास आदिद्वारा समाजको निर्माण हुन्छ ।
- साझा प्रयास, अरूको साथ र सहयोगबाट मात्रै मानिसका लक्ष्यहरू पूरा हुने भएको कारण समाजको निर्माण भएको हो ।
- समाजका सदस्यहरूबिच एकअर्कामा अन्तरनिर्भरता समेत हुन्छ ।



चित्र:सहकार्य

# समाजका विशेषता Characteristics of a Society

- समानता (Likeliness)
- भिन्नता (Difference)
- अन्तरनिर्भरता (Interdependence)
- सहकार्य र मतभेद (Co-operation and conflict)
- स्थायित्व (Permanence)
- अमूर्तता (Abstractness)
- गतिशीलता (Dynamic)
- बृहत् संस्कृति (Comprehensive culture)



# समुदायको अवधारणा Concept of Community

- साझा तथा पारस्परिक भावनाका साथ निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूको समूहलाई समुदाय भनिन्छ ।
- एउटा समुदायका भाषा, संस्कृति, रहनसहन मिल्दाजुल्दा हुन्छन् । धर्म, भाषा, जातजाति आदिको आधारमा पनि समुदाय निर्माण भएका हुन्छन् ।

## समुदायका विशेषता

- समुदायमा हामी भावना हुन्छ ।
- समुदायको निश्चित भौगोलिक क्षेत्र हुन्छ ।
- एउटै समुदायका भाषा, संस्कृति, रहनसहनमा समान विशेषता हुन्छन् ।

# समाजको उत्पत्ति र विकास Evolution and Development of Society

- विकास भन्नाले सकारात्मक परिवर्तन भन्ने बुझिन्छ ।
- समाजको विकासले सामाजिक संरचना, सामाजिक सम्बन्ध र सामाजिक सङ्गठनहरूको रूपान्तरणलाई जनाउँछ ।
- सामाजिक विकास एक गतिशील प्रक्रिया हो । यो एक सर्वव्यापी प्रक्रिया पनि हो ।
- सामाजिक विकास सामाजिक रूपान्तरणको प्रक्रिया हो ।



# समुह कियाकलाप

## समुहमा छलफल गरी समाज र समुदायका बिशेषता लेख्नुहोस् ।

| समाज | समुदाय |
| --- | --- |
| | |

# समुदाय तथा समाजको महत्व

## Importance of Community and Society

- मानिस सामाजिक प्राणी हो । समाजमा व्यक्तिले एकअर्काको परस्पर सहयोगमा आफ्ना आवश्यकता पूरा गर्छन् । हाम्रो जीवनमा समाजको महत्वलाई निम्नानुसार उल्लेख गरिएको छ :
- समाजमा सुख दु:खमा एक अर्काको सहयोग पाउन सकिन्छ ।
- एक्लै पूरा गर्न नसकिएका आवश्यकता अरूको सहयोगले पूरा गर्न सकिन्छ ।
- समाजले सामाजिक मूल्य र मान्यता सिकाउँछ ।
- समाजले जङ्गली जनावर र अन्यबाट पारस्परिक सुरक्षा प्रदान गर्छ ।

# व्यक्ति र समाजको सम्बन्ध

## Interrelationship between an Individual and Society

- व्यक्ति र समाजको बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।
- व्यक्ति समाजको एउटा एकाइ हो । व्यक्तिहरूका रूचि, इच्छा र आवश्यकता पूरा गर्नकै लागि समाजको निर्माण भएको हो ।
- व्यक्तिले समाजबाट सुरक्षा पनि प्राप्त गरेको हुन्छ । त्यसकारण समाज र व्यक्ति एकअर्काका परिपूरक हुन् ।




चित्रः व्यक्ति र समाज

# समाज र समुदायबीचको भिन्नता
## Difference between Society and Community

| समाज (Society) | समुदाय (Community) |
|---|---|
| समाज सामाजिक सम्बन्धको जालो हो । | समुदाय निश्चित भूभागमा फैलिएको मानिसहरुको समूह हो । |
| समाज बृहत (ठुलो) हुन्छ । | समुदाय तुलनात्मक रुपमा सानो हुन्छ । |
| समाजको लागि निश्चित भूभागको आवश्यकता पर्दैन । | समुदायको लागि निश्चित भूभागको आवश्यकता पर्छ । |
| समाजमा बिभिन्न रुचि भएका व्यक्तिहरुको बसोबास हुन्छ । 'हामी' भावना तुलातान्तम्क रुपमा कम हुन्छ । | समुदायमा 'हामी' भावना बलियो हुन्छ । |
| समाजमा बढी बिबिधता पाइन्छ । | समुदायमा बढी समानता पाइन्छ । |

## छलफल गरौं । (Let's Discuss)

१. समाजको परिचय ।

२. समुदायको परिचय ।

३. समाजका बिशेषता ।

४. समुदायका बिशेषता ।

५. समाज र समुदायका भिन्नता ।

६. आफ्नो समुदायका बिशेषता ।

७. समाज र व्यक्तिबिचका सम्बन्ध ।

पाठ २

# समाजको विकास
## Development of Society





## समाजको विकास Development of Society

- समाजशास्त्रका पिता अगस्ट कोम्टले सर्वप्रथम मानव समाजको उत्पत्ति र विकास सम्बन्धमा समाजशास्त्रीय दृष्टिकोण प्रस्तुत गरेका थिए। उनका अनुसार सबै मानव समाज र मानव ज्ञान तीन चरणमा विकसित भएको थियो
- दैवी चरण यो चरणमा सबै कुरा ईश्वरको दृष्टिकोणबाट व्याख्या गरिन्थ्यो ।
- पराभौतिक चरण यो चरणमा सबै कुराको व्याख्या ईश्वरको सट्टा अन्य अदृश्य कुराको आधारमा गरिन्थ्यो ।
- वैज्ञानिक चरण यो चरणमा वैज्ञानिक दृष्टिकोणबाट व्याख्या गरिन्छ। यो औद्योगिक चरण हो ।



अगस्ट कोम्ट
(August Comte)

# समाजको विकास Development of Society

जर्मन दार्शनिक कार्ल मार्क्स (Karl Marx) का अनुसार समाजको विकास चरणबद्ध रूपमा निम्नानुसार भएको थियो :

| चरण | शोषक वर्ग | शोषित वर्ग |
|---|---|---|
| आदिम साम्यवाद | समान | समान |
| दास युग | दासका मालिक | दास |
| सामन्ती युग | जग्गावाल | भू-दास |
| पूँजीवादी युग | बुर्जुवा | सर्वहारा |
| समाजवादी युग | राज्य व्यवस्थापक | कामदार |
| साम्यवादी युग | समान | समान |

चित्रः कार्लमार्क्सका अनुसार समाज विकासका चरण



कार्ल मार्क्स (Karl Marx)

# आदिम साम्यवादी युग Primitive Communism





- मानिसहरू जङ्गलमा बस्ने, सिकार तथा कन्दमूल सङ्कलन गरेर जीविकोपार्जन गर्ने, स्थायी वासस्थान नभएको
- बिस्तारै ढुङ्गाका हतियार बनाउने र विशेष गरी आगोको आविष्कार भएपछि ढुङ्गाको साथै काठ र अन्य द्वैवस्तुनिष्ठ हतियार निर्माण
- धातुका औजार (फलाम र पित्तलको) प्रयोग हुन थालेको
- मानिसहरूमा निजी सम्पत्तिको अवधारणा विकास नभएकोले समाजमा वर्ग विभाजन नभएको
- पुरुषहरू सिकार गर्ने र महिला र पुरुषका निश्चित श्रीमान् श्रीमती नहुने कारण आत्मनिर्भर नहुन्जेल बालबालिका आमासँगै बस्ने ।

# दास युग Age of Slavery

❖आदिम साम्यवादी युगपछि दास युगको सुरूवात ।

❖एक समूह अर्को समूहसँग युद्ध गर्दा विजेताले पराजित समूहलाई दास बनाउन थालेको ।

❖ उनीहरूले यस्ता दासहरूमाथि कठोर व्यवहार गर्थे । दासहरूलाई जनावरलाई जस्तै बाँधेर वा अरू तरिकाले नियन्त्रणमा राखिएको हुन्थ्यो ।

❖दास युगमा मान्छे मान्छेबिच असमानता सुरू भयो ।

❖यसले वर्ग विभाजनको स्पष्ट रेखा कोर्‍यो । यस युगमा दासहरूमाथि निर्मम शोषण र अत्याचार हुने गर्थ्यो ।

❖बिस्तारै दासहरूले मालिक विरुद्ध सङ्घर्ष गर्न थाले ।



# सामन्ती युग Age of Feudalism

- ❖ दास युगपछि सामन्ती युग सुरू भयो ।
- ❖ यो युगमा दास युगका मालिक सामन्तमा परिवर्तन भए भने दासहरू भू-दासका रूपमा परिणत भए ।
- ❖ यो युगमा किसान र सामन्तबिच वर्ग विभाजन भयो ।
- ❖ किसानहरू दासजस्तो मालिकमा निर्भर थिएनन् ।
- ❖ त्यतिखेर उत्पादनको प्रमुख साधन भूमि हुन्थ्यो ।
- ❖ भूमिमाथि जमिनदारको पूर्ण स्वामित्व हुन्थ्यो ।
- ❖ गरिखाने किसान वर्ग भने जमिनको स्वामित्वबाट वञ्चित थियो ।

किसानलाई सामन्तले जीविकोपार्जनका लागि थोरै जमिन दिन्थे भने किसानबाट धेरै काम लिन्थे ।



# पूँजीवादी युग Age of Capitalism

- सामन्ती युगपछि पूँजीवादी युग सुरू भयो ।
- पूँजीवादको अर्थ नाफाका लागि वस्तुको उत्पादन गर्ने स्वतन्त्र आर्थिक पद्धति तथा उत्पादन सम्बन्ध हो ।
- पूँजीवादमा उत्पादनका साधनहरू निजी स्वामित्वमा रहन्छन् ।
- सत्ता पूँजीपतिहरूको हातमा निहित भयो ।
- पूँजीपतिहरूले व्यक्तिगत उपयोगका लागि उत्पादन नगरी नाफाको लागि वस्तुको उत्पादन गर्थे । यो युगमा सर्वहारा वर्ग र पूँजीपति वर्ग गरी दुईओटा वर्गहरू निर्माण भए ।
- उत्पादनका साधनहरूको निजीकरण भयो ।



## समाजवादी युग Age of Socialism

- पूँजीवादी युगभन्दा पछाडि समाजवादको चरण सुरू हुन्छ ।
- यो चरणमा उत्पादनका साधनमाथि राज्य वा समाजको स्वामित्व हुन्छ ।
- यस्तो समाजमा प्रत्येक व्यक्ति ज्यालादारी श्रमिक जस्तै हुन्छ ।
- हरेक व्यक्तिले निश्चित घण्टा अनिवार्य काम गर्नु पर्ने हुन्छ ।
- त्यसको सट्टामा राज्यले हरेक नागरिकलाई निःशुल्क सामग्री र सेवा प्रदान गर्छ । यसमा सर्वहारा वर्गको अधिनायकत्व रहन्छ ।
- समाजवादको आधारभूत उद्देश्य समाजका सबै सदस्यको कल्याण र स्वतन्त्र विकासमा जोड दिनु नै हो ।



# साम्यवाद Age of Communism

- ❖साम्यवाद समाज विकासको अन्तिम चरण हो ।
- ❖साम्यवादमा वर्ग वा राज्य हुँदैन ।
- ❖न त शोषक वर्ग हुन्छ न त शोषित वर्ग हुन्छ ।
- ❖यो समाजमा एकातिर भौतिक साधनहरूको प्रचुर मात्रामा विकास हुन्छ भने अर्कोतिर मानिसको चेतना पनि रूपान्तरण भइसकेको हुन्छ ।
- ❖हरेक व्यक्तिले उसको क्षमता र आवश्यकताअनुसारको सिद्धान्त लागु हुने स्थिति सिर्जना हुन्छ ।
- ❖ मार्क्सले परिकल्पना गरेको समाजको अन्तिम चरण नै साम्यवाद हो ।



# समाज विकास सम्बन्धि टायलर र मोर्गनको धारणा

- E.B. Taylor ले समाज विकासको चरणबद्ध अवधारणा प्रस्तुत गरेका छन् ।
- त्यस्तै खालको अवधारणा Lewis Henry Morgan ले पनि अघि सारेका छन् ।
- सोअनुसार मानव समाज
  - जङ्गली
  - बर्बर र
  - सभ्य समाजको रूपमा विकसित भएको हो ।

## छलफल गरौं ।
## (Let's Discuss)

१. समाज बिकासको अवधारणा
२. समाज बिकासका बिशेषता
३. समाज विकास सम्बन्धि अगस्ट कोम्टको अवधारणा
४. समाज विकास सम्बन्धि कार्ल मार्क्सको अवधारणा
५. समाज विकास सम्बन्धि टायलर र मोर्गनको अवधारणा

# पाठ ३
# विभिन्न आधारमा समाजको वर्गीकरण
# Classification of Society on Different Bases

## समाजको वर्गीकरण Classification of Society

समाजलाई वर्गीकरण गर्ने आधारहरु ।

- विकासको स्तर (Level of Development)
- सहरीकरण (Urbanization)
- अर्थव्यवस्था (Economic system)
- (अ)समानताको स्तर (Level of In(equality))
- विकासक्रम (Timeline)
- जीवनपद्दति (Lifestyle)
- प्रविधि (Technology)
- भाषा, धर्म, संस्कृति (Language, religion, culture)

## विकासको स्तरको आधारमा समाजको वर्गीकरण
## Classification of Society based on Level of Development

| विकसित समाज (Developed society) | विकासोन्मुख समाज (Developing society) | अविकसित समाज (Underdeveloped society) |
|---|---|---|
| विकासको स्तर उच्च भएको समाज | विकास हुँदै गरेको समाज | तुलनात्मक रूपमा विकास र परिवर्तन नभएको वा कम भएको समाज |

# सहरीकरणका आधारमा समाजको वर्गीकरण
# Classification of Society based on Urbanization

| ग्रामीण समाज (Rural society) | सहरी समाज (Urban society) |
| --- | --- |
| विकासका पूर्वाधार कम भएको वा औद्योगिकरण कम भएको समाज | विकासका पूर्वाधार बढी भएको, औद्योगिकरण भएको समाज |

## अर्थव्यवस्थाको आधारमा समाजको वर्गीकरण

## Classification of Society based on Economic System

| पूँजीवादी समाज (Capitalist society) | समाजवादी समाज (Socialist society) | मिश्रित समाज (Mixed society) |
|---|---|---|
| उत्पादनका साधनहरूमा निजी क्षेत्रको नियन्त्रण भएको समाज | उत्पादनका साधनहरूमा राज्यको नियन्त्रण भएको समाज | पूँजीवादी र समाजवादी दुवै समाजका गुणहरू मिश्रण भएको समाज |

# भाषाको आधारमा समाजको वर्गीकरण

## Classification of Society based on Language

| एकभाषी समाज (Monolingual society) | द्विभाषी समाज (Bilingual society) | बहुभाषी समाज (Multilingual society) |
|---|---|---|
| एउटा मात्र भाषा भएको समाज | दुईओटा मात्र भाषा भएको समाज | धेरै भाषा भाषिका भएको समाज |

# धर्मको आधारमा समाजको वर्गीकरण

## Classification of Society based on Religion

| एक धार्मिक समाज (Monoreligious society) | बहुधार्मिक समाज (Multireligious society) |
| --- | --- |
| एउटा मात्र धर्मका मानिस बस्ने समाज | एकभन्दा बढी धर्मका व्यक्ति भएको समाज |

# विकासक्रमको आधारमा समाजको वर्गीकरण

## Classification of Society based on Timeline

| प्राचीन समाज (Ancient society) | मध्यकालीन समाज (Medieval society) | आधुनिक समाज (Modern society) |
| --- | --- | --- |
| समाज विकासको सुरूवाती चरण | कृषि युगपछि विकासको क्रममा रहेको समाज | विकसित आधुनिक समाज |

## जीवनपद्दतिको आधारमा समाजको वर्गीकरण

## Classification of Society based on Lifestyle

- सिकारी तथा कन्दमूल सङ्कलक समाज (Hunter and gatherer society)
- कृषि तथा फलफूल खेती गर्ने समाज (Agrarian and Horticultural society)
- पशुपालक समाज (Pastoral society)
- औद्योगिक समाज (Industrial society)
- आधुनिक समाज (Modern society)
- उत्तरआधुनिक समाज (Post modern society)

## प्रविधिको पहुँचको आधारमा समाजको वर्गीकरण
## Classification of Society based on Access to Technology

- प्रविधियुक्त समाज (Technological society)
- प्रविधिविहीन समाज (Non-technological society)

डिजिटल डिभाइड (Digital divide)

प्रविधिको पहुँच प्राप्त भएका र नभएका (व्यक्ति, परिवार, समाज) बिचको खाडल (भिन्नता)

## छलफल गरौं ।
## (Let’s Discuss)

१. समाजको बर्गीकरण गर्ने आधारको सुची
२. विकास स्तरको आधारमा समाजको वर्गीकरण
३. सहरीकरणको आधारमा समाजको वर्गीकरण
४. अर्थव्यबस्थाको आधारमा समाजको वर्गीकरण
५. भाषाको आधारमा समाजको वर्गीकरण
६. धर्मको आधारमा समाजको वर्गीकरण
७. विकासक्रमको आधारमा समाजको वर्गीकरण
८. विभिन्न आधारमा आफ्नो समाजको मुल्याङ्कन

पाठ ४

# जीवनपद्धतिको आधारमा समाजका प्रकार

## Types of Society Based on Lifestyle





## सिकारी र कन्दमूल सङ्कलक समाज
## Hunting and Gathering Society

- सिकारी र कन्दमूल सङ्कलक समाज सबैभन्दा पुरानो प्रकारको समाज हो ।
- यो समाजमा मानिसले जङ्गली जनावरको सिकार गरेर र कन्दमूल सङ्कलन गरेर जीवनयापन गर्थे ।
- १२ सय वर्षअघिसम्म सबै समाजहरू सिकारी र कन्दमूल सङ्कलक समाज नै थिए ।



चित्रः सिकारी तथा कन्दमूल सङ्कलक समाजका गतिविधि

# सिकारी र कन्दमूल सङ्कलक समाजका विशेषता

## Salient Features of Hunting and Gathering Society

- सिकारी र कन्दमूल सङ्कलक समाज सानो थियो । जसमा ५० जनाभन्दा कम सदस्यहरू हुन्थे ।
- ती मानिसहरू घुमन्ते थिए । एक ठाउँमा खाद्यान्न आपूर्ति समाप्त भएपछि अर्को क्षेत्रमा बसाइँ सरेर जान्थे ।
- उनीहरूमा उच्चस्तरको अन्तरनिर्भरता देखिन्थ्यो ।
- यो समाजमा लैङ्गिक आधारमा श्रम विभाजन थियो । पुरुषहरूले सिकार गर्थे र महिलाहरू कन्दमूल सङ्कलनको कार्यतिर लाग्थे ।
- जङ्गली जनावरको सिकार र कन्दमूल खाएर जीविकोपार्जन गर्थे ।
- सिकारका लागि ढुङ्गाका औजार र हतियारको प्रयोग हुन्थ्यो ।
- यस्ता समाजहरू नेपाल (राउटे) भारत, अष्ट्रेलिया र दक्षिण अफ्रिकाका आदिवासीहरूमा अझै पनि अस्तित्वमा रहेको पाइन्छ ।

# पशुपालक समाज Pastoral Society

- पशुपालक समाज पशुपालन र पशु प्रजननमा निर्भर थियो ।
- यो समाजको विकास सिकारी र कन्दमूल सङ्कलक समाजपछि भएको थियो ।
- जङ्गली जनावरको सिकार र कन्दमूलको सङ्कलनबाट जीवनयापन गर्न गाह्रो हुने देखेर यो बेलाका मानिसहरूले जनावरलाई घरमा ल्याएर पाल्न थालेका थिए ।



चित्रः पशुपालक समाजका गतिविधि

## पशुपालक समाजका विशेषता Salient Features of Pastoral Society

- यो समाजका मानिसहरूले पशुपालन गरेर जीवनयापन गर्थे ।
- यी मानिसहरू सिकारी तथा कन्दमूल सङ्कलक समाजका मान्छेभन्दा अलि कम घुमन्ते थिए ।
- उनीहरू आफ्ना समाजमा चरन काम नलाग्ने भएपछि ठाउँ सरेर जान्थे ।
- उनीहरूले पशुपालन र पशु प्रजनन सुरू गरे ।
- जसको धेरै पशुहरू हुन्थे उ धनी हुन्थ्यो । यसले वर्ग विभाजनको आधार खडा गर्‍यो ।

# कृषि तथा फलफूल खेती गर्ने समाज

# Agrarian and Horticultural Society

- कृषि तथा फलफूल खेती गर्ने समाजमा हलोको आविष्कार भएको थियो । जसको परिणामस्वरूप कृषि समाजको सुरूवात भयो ।
- कृषि समाजको उत्पत्ति करिब ५ हजारदेखि ६ हजार वर्ष अगाडि भएको अनुमान गरिन्छ । यसलाई पहिलो सामाजिक क्रान्ति (First social revolution) मानिन्छ ।
- कृषि समाजका व्यक्तिहरूले हलोको प्रयोग गरेर अन्नबाली उब्जाउँथे ।



चित्रः कृषि तथा फलफूल खेती गर्ने समाजका गतिविधि

## कृषि तथा फलफूल खेती गर्ने समाजका विशेषता

## Salient Features of Agrarian and Horticultural Society

- कृषि तथा फलफूल खेती गर्ने समाजका निम्नानुसार छन् :
- कृषि समाजमा व्यक्तिहरू अन्न उब्जाएर जीविकोपार्जन गर्थे ।
- उनीहरूले वस्तु विनिमय प्रणाली सुरू गरे । आफूसँग भएको सामान अरूलाई दिने र आफूलाई चाहिने सामान अरूबाट लिन्थे ।
- कृषि समाजले आधुनिक समाज निर्माणको नेतृत्व गऱ्यो किनकि यो समाजमा मानिसहरूले समूह निर्माण गर्न सुरू गरे ।
- समाजमा धेरै जग्गाजमिन हुने व्यक्ति (जमिनदार) धनी हुन्थे । यसले जमिनदार र कृषक गरी वर्ग विभाजन भयो ।

# औद्योगिक समाज Industrial Society

- औद्योगिक समाजले ठुलो मेसिन चलाउन मानव र पशुको सट्टामा ऊर्जाको उन्नत स्रोतको प्रयोग गर्‍यो ।
- यन्त्रको आविष्कारले पाखुराको शक्ति (Muscle power) र जनावरको शक्ति (Beast power) लाई प्रतिस्थापन गर्‍यो । यसप्रकारको समाज सत्रौँ शताब्दीको मध्यबाट सुरू भएको मानिन्छ ।
- बेलायतमा मेसिनहरू चलाउन पहिलोपटक वाष्प इञ्जिनको प्रयोग भएको थियो ।



चित्र: औद्योगिक समाजका गतिविधि

## औद्योगिक समाजका विशेषता

## Salient Features of Industrial Society

- यातायातमा रेल र स्टिमशिपले मानिस र सामान लामो दुरीसम्म लैजान लागे ।
- धेरैभन्दा धेरै मानिस कलकारखानाको कार्यमा संलग्न भएर सहरतिर बसाइँ सर्नाले ग्रामीण क्षेत्रको जनसङ्ख्या घट्यो ।
- बिसौँ शताब्दीमा अटोमोबाइल र बिजुलीको आविष्कार भयो जसले छिटो र सजिलो यातायातको लागि मार्ग प्रशस्त गऱ्यो ।
- यो समाजमा पूँजीपति वर्ग र सर्वहारा वर्गमा वर्ग विभाजन भयो ।

# आधुनिक समाज Modern Society

- औद्योगिक क्रान्तिले समाजलाई विभिन्न ढङ्गमा रूपान्तरण गरिदियो ।
- समाजका उत्पादन र ढुवानीको लागि मेसिन र यातायातका साधनहरूको आविष्कारले मानव श्रमको आवश्यकतालाई कम गऱ्यो ।
- यसले अर्थव्यवस्थालाई औद्योगिकबाट उत्तर औद्योगिक अर्थव्यवस्थामा परिवर्तन गऱ्यो ।




चित्र: आधुनिक समाजका गतिविधि

## आधुनिक समाजका विशेषता Salient Features of Modern Society

- आधुनिक समाजको मुख्य विशेषता सूचना तथा सञ्चार प्रविधिको विकास हो ।
- आधुनिक अर्थव्यवस्था उदार (Liberal) प्रकृतिको छ ।
- यस्ता समाज बहुलवादी हुन्छन् । मानिसको विविधता र पहिचानको सम्मान गरिन्छ ।

# अति स्मार्ट समाज Super Smart Society/Society 5.0

- आजकाल अति स्मार्ट समाज अर्थात ५.० समाजको अवधारणा विकास भएको छ।
- बिभिन्न प्रबिधि, कृतिम बुद्दिमता (Artificial Intelligence, AI) जस्ता अत्याधुनिक प्रविधिले समाजको परिभाषा नै बदलिदिएका छन् ।
- अति स्मार्ट समाजमा सामाजिक आर्थिक आदि समस्या कृतिम बुद्दिमताको मद्दतले समाधान हुनेछन् ।



## छलफल गरौँ।
## (Let's Discuss)

१. जीवनपद्दतिको आधारमा समाजको वर्गीकरण/सुची निर्माण
२. सिकारी तथा कन्दमुल सङ्कलक समाजका बिशेषता
३. पशुपालक समाजका बिशेषता
४. कृषि तथा फलफुल खेती गर्ने समाजका बिशेषता
५. औधोगिक समाजका बिशेषता
६. आधुनिक समाजका बिशेषता
७. कृषि र औधोगिक समाजबिच तुलना
८. अति स्मार्ट समाज/ समाज ५.०

पाठ ५

# आदर्श समाजका तत्व

## Components of an Ideal Society





# आदर्श समाजको परिचय

## Introduction to Ideal Society

- त्यस्तो समाजलाई आदर्श समाज भनिन्छ जहाँ समाजका सबै सदस्यहरुलाई शान्त, सुखी, सहज जीवनयापन गर्ने वातावरण हुन्छ ।
- समाजका सदस्यहरु बिचमा सहकार्य र समझदारी हुन्छ ।
- समाजमा शान्ति सुब्यबस्था कायम भएको हुन्छ ।
- समाजका सदस्यलाई आफ्नो समाज स्वर्ग जस्तो अनुभूति हुन्छ ।

# आदर्श समाजका तत्व

## Components of an Ideal Society

- आदर्श जीवन (Ideal Lifestyle)
- सामूहिक भावना (Collective Feeling)
- ऐतिहासिकताप्रति गर्वको भावना (Sense of Glory towards Historicity)
- लोकतान्त्रिक सहमति (Democratic Consent)
- शान्ति सुरक्षा (Peace and well being)

# आदर्श समाजका तत्व... Components of an Ideal Society

- आधारभूत आवश्यकताको परिपूर्ति (Fulfillment of Basic Needs)
- अतिरिक्त आवश्यकताहरूमा पहुँच (Access to Additional Needs)
- स्वतन्त्रता (Freedom and Liberty)
- न्याय तथा निष्पक्षता (Equity and Fairness)
- सन्तुलन (Balance)

## छलफल गरौं ।
## (Let's Discuss)

१.आदर्श समाजको परिचय

२. आदर्श समाजका तत्वहरुको सुची निर्माण

३. आदर्श समाजका तत्व आफ्नो समाजमा खोजि

धन्यवाद

(Thank You)

# एकाइ २





# विकासका पूर्वाधार
# Infrastructures of Development





पाठ १

# विकासको अवधारणा, स्रोतसाधन र पूर्वसर्तहरू
# Concept, Resources and Prior Conditions for Development

# विकासको अवधारणा Concept of Development

- विकास भनेको मानिसको जीवनमा आउने सकारात्मक परिवर्तन वा उसको जीवनस्तरमा हुने प्रगति हो ।
- राम्रो शिक्षा, स्वास्थ्य, खाना, घर, कपडा, सुरक्षा, प्राकृतिक वातावरण आदि प्राप्त हुनु नै विकास हो ।
- विकास बहुआयामिक र गतिशील अवधारणा हो त्यसैले यसको अवधारणा समयअनुसार परिवर्तन हुँदै आएको छ ।
- आम्दानीमा आएको वृद्धिका रूपमा मात्रै नभएर देशमा गरिबी, बेरोजगारी तथा असमानतामा कमी आउनुका साथै समान अवसर, व्यक्तिगत स्वतन्त्रता, आत्मसम्मान, छनौटको स्वतन्त्रता, स्वच्छ वातावरण आदि पनि समावेश हुन्छन् ।



चित्र: कर्णाली पुल

# विकासको सुचक
# Indicator of Development

- विकासलाई मापन गर्ने विभिन्न सूचकहरू छन् ।
- तिनीहरूमध्ये कुल गार्हस्थ उत्पादन, कुल राष्ट्रिय उत्पादन र प्रति व्यक्ति आम्दानी महत्वपूर्ण सूचकहरू हुन् ।
- यी सूचकहरू वृद्धि हुँदा जनताको जीवनस्तरमा सुधार आउँछ ।



चित्रः कर्णाली पुल

# विकासका पूर्वाधार र आवश्यक पर्ने स्रोतसाधनहरू

| क्र.सं. | विकासका पूर्वाधार | स्रोतसाधन |
|---|---|---|
| १. | शिक्षा (Education) | विद्यालय, विश्वविद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षालय, सिपमूलक तालिम केन्द्रहरू, क्याम्पस तथा कलेजहरू आदि । |
| २. | स्वास्थ्य (Health) | स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, अस्पताल, स्वास्थ्य कार्यकर्ता, जनसङ्ख्या नियन्त्रण, वातावरण संरक्षण, फोहर व्यवस्थापन आदि । |
| ३. | यातायात (Transportation) | सडक यातायात, हवाई यातायात, जल मार्ग, रेल यातायात, केवल कार, रज्जु मार्ग वा रोपवे, पुल आदि । |
| ४. | सञ्चार (Communication) | टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन, फ्याक्स, हुलाक, इमेल, पत्रपत्रिका, भू–उपग्रह आदि । |
| ५. | जनशक्ति (Human resource) | उच्च दक्ष, दक्ष, अर्ध दक्ष तथा अदक्ष जनशक्ति । |
| ६. | ऊर्जा (Energy) | जलविद्युत्, कोइला, सौर्यशक्ति, वनजङ्गल, वायुशक्ति, ग्याँस, तेल, अर्गानिक शक्ति आदि । |
| ७. | खानेपानी (Drinking water) | पोखरी, नदी, कुवा, चापाकल, इनार, धारा आदि । |

# विकासका महत्वपूर्ण पूर्वसर्तहरू
## Important Prior Conditions for Development

- साक्षरता (Literacy)
- जनसहभागिता
  (Public Participation)
- उद्यमशीलता (Entrepreneurship)
- शान्ति र सुरक्षा
  (Peace and Order)

- दूरदृष्टि (Vision)
- स्रोतसाधन (Resources)
- सदाचार र प्रतिबद्धता
  (Integrity and Commitment)
- प्रविधि (Technology)

## छलफल गरौं ।
## (Let's Discuss)

१. बिकासको अवधारणा

२. बिकासको महत्व

३. बिकासका पूर्वाधारको परिचय

४. बिकासका पूर्वाधारको सुची निर्माण

५. बिकासका पूर्वाधारको महत्व

६. आफ्नो पालिका, जिल्ला, प्रदेश र देशमा विकासका पूर्वाधारको वर्तमान अवस्था

# पाठ २

# विकासका पूर्वाधार: शिक्षा, स्वास्थ्य र जनशक्ति

# Infrastructures of Development: Education, Health and Human Resource

# शिक्षा Education

- शिक्षा भनेको ज्ञान र सिप प्राप्त गर्ने तथा यिनीहरूलाई जीवन जिउनका निमित्त प्रयोग गर्ने प्रक्रिया हो ।
- शिक्षाले मानिसलाई सही र गलत, तथा नैतिक र अनैतिक कुरा बारेमा जान्न र सामाजिक चिन्तन विकास गर्न सहयोग गर्दछ ।
- संसार गतिशील भएकोले समय बित्दै जाँदा नयाँ नयाँ कुराहरू देखा पर्छन् र नयाँ ज्ञान प्राप्त हुन्छ ।
- शिक्षा प्राप्त गर्ने तरिकाहरू **औपचारिक** र अनौपचारिक वा अनियमित प्रकारका छन् ।



# शिक्षाको महत्त्व Importance of Education

- देशमा उद्यमशीलता विकास गरी स्वरोजगार हुन र रोजगारी सिर्जना गर्न ।
- आत्मनिर्भर हुन र निर्णय गर्ने क्षमता विकास गर्न ।
- समाजमा मिल्न तथा सामूहिक काम गर्न ।
- सही समयमा उचित निर्णय लिन ।
- चरित्रवान् बन्न ।
- समाज परिवर्तनका लागि भूमिका खेल्न ।
- इज्जतका साथ उच्चस्तरको जीवन बिताउन ।
- ज्ञान, सिप र क्षमता विकास गर्न ।
- सिर्जनशीलता र नवीन पद्धतिहरूको विकास गर्न



# नेपालमा शिक्षाको विकास र वर्तमान अवस्था
# Development and Present Situation of Education in Nepal

- नेपालमा औपचारिक शिक्षाको विकासको सुरुवात वि.सं. १९१० मा प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरले दरबार हाइस्कुल स्थापना गरेपछि भएको हो ।
- चौथो राणा प्रधानमन्त्री देव शमशेरले देशभरिमा एक सयभन्दा धेरै विद्यालयहरु सर्वसाधारण जनताका छोराछोरीहरुले पढ्न पाउने गरी स्थापना गरे ।
- त्यसपश्चात् राणा प्रधानमन्त्री चन्द्रशमशेर राणाले वि. सं. १९७५ मा त्रिचन्द्र कलेज  स्थापना गरे ।



# नेपालमा शिक्षाको विकास र वर्तमान अवस्था
# Development and Present Situation of Education in Nepal

- वि.सं. २००७ मा प्रजातन्त्रको स्थापना भइसकेपछि नेपालमा शिक्षा क्षेत्रको विकासले तीव्रता प्राप्त गर्‍यो ।
- देशभर विद्यालयहरू स्थापना भए । यसै क्रममा वि.सं. २०१६ मा नेपालको प्रथम विश्वविद्यालय 'त्रिभुवन विश्वविद्यालय' काठमाडौँको कीर्तिपुरमा स्थापना गरियो ।
- हालसम्म नेपालमा १३ ओटा विश्वविद्यालयहरू (गण्डकी विश्वविद्यालय र मनमोहन प्राविधिक विश्वविद्यालय क्रमश: गण्डकी प्रदेश र प्रदेश १ सरकारअन्तर्गत स्थापित) स्थापना भएका छन् भने सयौँको सङ्ख्यामा क्याम्पस तथा कलेजहरू र ३५ हजारभन्दा बढी विद्यालयहरू स्थापना भएका छन् ।





# नेपालमा शिक्षाको विकास र वर्तमान अवस्था
## Development and Present Situation of Nepal's Education in Nepal

- नेपालको जनगणना वि.सं. २०७८ अनुसार नेपालको साक्षरता दर ७६.२ प्रतिशत रहेको देखिन्छ । जसमा पुरुषको साक्षरता दर ८३.६ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत छ । यसबाट नेपालमा धेरै महिलाहरू अहिले पनि शिक्षाबाट वञ्चित छन् भन्ने कुरा प्रस्ट हुन्छ ।
- नेपालमा विद्यालय, क्याम्पस तथा कलेज र विश्वविद्यालयको सङ्ख्यामा वृद्धि भए तापनि सोअनुरूपको गुणस्तर विकास हुन अझै
- अहिले पनि नेपालको शिक्षा प्रणाली परम्परागत र सैद्धान्तिक छ ।



# नेपालको शिक्षाको विकासमा भएका सरकारी प्रयासहरू
## Government's Effort in Development of Education in Nepal

१. उदार शिक्षा नीति

२. लक्षित समूहलाई विशेष शिक्षा

३. अद्यावधिक पाठ्यक्रम र स्रोतसाधन

४. शिक्षाको संरचनामा परिवर्तन

५. नयाँ मूल्याङ्कन योजना



# स्वास्थ्य Health

- स्वास्थ्य रोग र दुर्बलताहरूबाट मुक्ति मात्रै होइन यो त व्यक्तिको सम्पूर्ण रूपमा शारीरिक, मानसिक र सामाजिक हित वा कल्याणको अवस्था हो ।

स्वास्थ्यका **चारओटा पक्षहरू** हुन्छन् । जुन निम्नानुसार छन् :

- रोग तथा शारीरिक र मानसिक कमजोरीबाट मुक्ति ।
- शारीरिक रूपमा तन्दुरुस्त वा उपयुक्तता ।
- मानसिक रूपमा तन्दुरुस्त वा उपयुक्तता ।
- सामाजिक तन्दुरुस्त वा उपयुक्तता वा समाजमा सकारात्मक सोचका साथ मिलेर बस्ने वा घुलमिल हुने क्षमता ।





# नेपालको स्वास्थ्य अवस्था Health Status of Nepal

- नेपालमा स्वास्थ्य अवस्था अत्यन्तै कमजोर रहेको छ ।
- विभिन्न किसिमका रोगव्याधी, महामारी, कुपोषण आदिले जनता ग्रस्त छन् । वातावरण प्रदूषित छ । स्वच्छ खानेपानीको अभाव छ ।
- स्वास्थ्य सेवा सहर केन्द्रित र अत्यन्तै महङ्गा छन् ।
- नेपालको स्वास्थ्य क्षेत्र पछाडि पर्नुका विविध कारणहरू गरिबी, अशिक्षा, अज्ञानता, महङ्गो स्वास्थ्य सेवा, अस्पताल वा स्वास्थ्य संस्थाहरूको कमी आदि हुन् ।
- कतिपय ठाउँमा अस्पताल र डाक्टरहरू छन् तर उपकरण र औषधी छैनन् । देशको स्वास्थ्य क्षेत्रको यस्तो अवस्थालाई परिवर्तन गरी स्वास्थ्यमा व्यापक सुधार गर्न आवश्यक देखिन्छ ।





# नेपालको स्वास्थ्य अवस्था Health Status of Nepal

- सहरी जनसङ्ख्या वा सहरी क्षेत्रमा बसोबास गर्ने मानिसहरू नियमित शारीरिक व्यायामको अभावले गर्दा मुटु तथा उच्च रक्तचाप, मोटोपना, अधिक तौल, मधुमेह आदि जस्ता रोगहरूबाट ग्रसित छन् ।
- यसको विपरीत ग्रामीण क्षेत्रमा बस्ने मानिसहरू अधिक श्रम, सन्तुलित आहार वा पोषणको अभाव, नियमित स्वास्थ्य जाँचको अभाव आदिले गर्दा विभिन्न रोगबाट ग्रसित छन् ।
- अज्ञानता, गरिबी र अशिक्षाले गर्दा बिरामी परे पनि उनीहरू अस्पताल कम मात्रामा जान्छन् । नेपाल सरुवा रोगहरूको अत्यन्तै जोखिम भएको देश पनि हो ।






## जनशक्ति Human Resource

- मानिसमा अन्तर्निहित बुद्धि, विवेक, ज्ञान र क्षमतालाई जनशक्ति भनिन्छ।
- जुन देशमा मानव संसाधनको उचित परिचालन तथा प्रयोग हुन्छ उक्त देशको विकास तीव्र गतिमा हुन्छ। देशको समृद्धिको आधार नै मानव संसाधन हो।
- विश्वका विकसित तथा समृद्ध मुलुकहरू जस्तै: संयुक्त राज्य अमेरिका, बेलायत, क्यानडा, जापान आदिको विकास मानव संसाधनबाट नै भएको हो।
- शिक्षा र तालिम प्राप्त मानव संसाधनलाई दक्ष जनशक्ति भनिन्छ। दक्ष जनशक्तिको विकासले नै देशको विकासमा तीव्रता आउँछ।
- देशमा दक्ष जनशक्तिको समुचित प्रयोग गरेर योजनाबद्ध तरिकाले अगाडि बढ्न सकियो भने आर्थिक समृद्धि प्राप्त गर्न सकिन्छ।





# दक्ष जनशक्ति Human Resources

- दक्ष जनशक्तिको उत्पादन, उपयोग र सम्भारसम्बन्धी विभिन्न प्रयासहरु हुँदै आए पनि ती प्रयासहरु पर्याप्त छैनन् ।
- हरेक वर्ष वैदेशिक रोजगारीमा जानेको सङ्ख्या ४ लाखको हाराहारीमा रहेको देखिन्छ ।
- तालिम र सिपको अभावमा देशभित्र र बाहिर दुवै ठाउँमा काम गर्ने जनशक्तिको ठुलो सङ्ख्या अदक्ष जनशक्तिले ओगटेको देखिन्छ ।
- त्यसैगरी हाम्रो देशमा स्वरोजगारलाई त्यति धेरै महत्व दिएको देखिँदैन ।



# दक्ष मानव संसाधनको महत्त्व
## Importance of Skilled Human Resource

- देशमा भएका प्राकृतिक स्रोतसाधनको सदुपयोग गर्न ।
- कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गर्न ।
- पुराना तथा अन्धविश्वासयुक्त सामाजिक सोच र विश्वासबाट मुक्त भई सामाजिक क्षेत्रको विकास गर्न ।
- देशमा पूर्वाधारको विकास र संरक्षण गर्न ।
- उद्यमशीलताको विकास गरी स्वरोजगार हुन र रोजगारी सिर्जना गर्न ।
- देशका लागि उपयुक्त आवश्यक नीति, कार्यक्रम र योजनाहरू बनाउन ।
- उत्पादन वृद्धि गरी जनताको जीवनस्तर उकास्न वा सुधार्न ।





# दक्ष जनशक्ति तयार गर्ने उपायहरू

## Measures to Produce Skilled Human Resource

- सिप विकासका निमित्त उचित तालिमहरूको प्रबन्ध गर्ने ।
- अनुसन्धानमा जोड दिने ।
- वैज्ञानिक शिक्षा नीति कार्यान्वयन गर्ने ।
- अध्ययन, भ्रमण, अनुसन्धान र खोजसहितको तालिम र शिक्षामा जोड दिने ।
- देशको आवश्यकताअनुसार व्यावहारिक तथा प्राविधिक शिक्षा प्रणाली विकास गर्ने ।
- कर्मचारी तथा रोजगारी प्राप्त जनशक्तिलाई प्रविधिमा अद्यावधिक गर्ने ।
- युवा शक्तिलाई उनीहरूको रुचिअनुसारको तालिमको व्यवस्था गर्ने ।
- नि:शुल्क शिक्षा तथा तालिमको व्यवस्था गर्ने ।
- प्राविधिक विश्वविद्यालय स्थापना गर्ने ।
- गाउँगाउँमा विभिन्न प्रकारका तालिमका लागि शिक्षालय तथा तालिम केन्द्रहरू स्थापना गर्ने ।





## छलफल गरौं ।
## (Let's Discuss)

१. शिक्षा शब्दको परिभाषा
२. विकासको लागि शिक्षाको महत्व
३. नेपालमा शिक्षाको वर्तमान अवस्था
४. स्वास्थ्य शब्दको परिभाषा
५. विकासको लागि स्वस्थ नागरिकको महत्व
६. नेपालमा स्वास्थ्य क्षेत्रको वर्तमान अवस्था
७. दक्षजनशक्तिको अवधारणा
८. दक्ष जनशक्तिको महत्व
९. नेपालमा दक्ष जनशक्तिको वर्तमान अवस्था
१०. दक्ष जनशक्ति उत्पादन गर्न चाल्नुपर्ने कदम
११. आफ्नो पालिकामा शिक्षा, स्वास्थ्य र दक्ष जनशक्तिको वर्तमान अवस्था ।






# हामी र हाम्रो समाज
## We and Our Society

एकाइ १

## तहगत सक्षमता

- हाम्रो समाजसम्बद्ध पक्षको पहिचान, सम्मान, संरक्षण र संवर्धन ।

## सिकाइ उपलब्धिहरु
## Learning Achievements

यस एकाइको अन्त्यमा तपाईं निम्न कार्य गर्न सक्षम हुनुहुनेछ :

- सामाजिकीकरणको अवधारणासँग परिचित हुन र व्यवहारमा प्रदर्शन गर्न ।
- हाम्रा सामाजिक/ सांस्कृतिक विविधताको पहिचान र सामाजिक एकता संरक्षण गर्न ।
- हाम्रा राष्ट्रिय गौरवको पहिचान र सम्मान गर्न ।

पाठ

१

# सामाजिकीकरण
# Socialization



## पूर्वकार्य Warm Up

**दिइएको घटना अध्ययन गरेर सोधिइएका प्रश्नको जवाफ लेख्नुहोस् ।**

भारतमा एकजना बालिका जङ्गलमा बाँदरहरुको झुण्डमा बसेको अवस्थामा भेटिइन् । ती बालिका अन्य मानिसहरु जस्तै बोल्न सक्दैनथिन, जनावर जस्तै व्यवहार गर्थिन र दौडिन्थिन । उनले हात प्रयोग नगरी भुइँबाट खाना खान्थिन । १० देखि १२ वर्षको उमेरकी ती नानी जंगलमा नाङ्गै थिइन् । उनको हाउभाउ पुरै बाँदरको जस्तै थियो । जब मानिसले उनलाई बाँदरबाट छुटाउन खोजे बाँदरले उनीहरूलाई लखेटेका थिए । उनको हातखुटाको चाल, खाना खाने तरिका ठ्याक्कै बाँदरको जस्तै थियो । कतिपयले उनलाई Rudyard Kiplingको काल्पनिक पात्र मुग्लीसँग तुलना पनि गरेका छन् ।





समय : १० मिनेट

## प्रश्नहरु

१. ती बालिकाको हाउभाउ किन बाँदरको जस्तो भएको होला?

२. १०-१२ बर्षसम्म पनि उनले किन मानिसले बोल्ने भाषा बोल्न नसकेकी होलिन ?

३. पछि उनी कसरी मानिसको समुहमा घुलमिल हुन सकेकी होलिन ?



# सामाजिकीकरणको अर्थ Meaning of Socialization

- सामाजिक मूल्यमान्यता, परम्परा र संस्कृति सिकाउने र सिक्ने प्रक्रियालाई सामाजिकीकरण भनिन्छ ।
- नेपाली बृहत् शब्दकोशले मानिसका गतिविधिलाई समाजसँग अनुकूल बनाउने वा सामाजिक बनाउने प्रक्रियालाई सामाजिकीकरण भनी परिभाषित गरेको छ ।
- यस आधारमा प्रत्येक समाजको आफ्नै परम्परा, संस्कृति, नियम र मूल्यमान्यताहरू हुन्छन् । समाजमा आफ्नो अस्तित्व कायम गर्न वा समाजमा मिलेर बस्नको लागि हामीले यी कुराहरू सिक्नुपर्छ ।



## सामाजिकीकरणका प्रमुख विशेषता Salient Features of Socialization

१. हस्तान्तरण हुने
२. निरन्तर प्रक्रिया
३. समाजअनुसार फरक
४. आधारभूत अनुशासन कायम
५. मानवीय व्यवहारको नियन्त्रण

सम्झिने सुत्र : हनिस आमा

# सामाजिकीकरणको महत्व Importance of Socialization

१. सभ्य समाजको निर्माण गर्छ ।

२. व्यक्तिलाई सामाजिक भूमिकाका लागि तयार गर्छ ।

३. मूल्यमान्यता कायम गर्न मद्दत गर्छ ।

४. सामाजिक सिपको विकास गर्छ ।

५. व्यक्तित्व विकासमा मद्दत गर्छ ।

६. समाजमा घुलमिल हुन मद्दत गर्छ ।

सम्झिने सुत्र : व्यमू भूस घुसी

# सामाजिकीकरणका माध्यम / निकायहरु Agents/ Agencies of Socialization

**सामाजिकीकरणका माध्यम / निकाय (Agents/ Agencies of Socialization)**

**प्राथमिक माध्यम (Primary Agents)**

- परिवार (Family)
- छिमेकी (Neighbour)
- दौँतरी समूह (Peer groups)
- नातेदार (Relative)

**द्वितीय माध्यम (Secondary Agents)**

- शैक्षिक संस्था (Educational institutions): विद्यालय, विश्वविद्यालय
- सामाजिक सङ्घसंस्था (Social organizations): टोल सुधार समिति, क्लबहरू
- राजनैतिक संस्था (Political institutions): राजनैतिक दलहरू
- धार्मिक संस्था (Religious institutions): मठमन्दिर, गुम्बा, मस्जिद
- व्यावसायिक संस्था (Business institutions): व्यापारिक समूह, बैंक तथा वित्तीय संस्था

# सामाजिकीकरणका तत्वहरु Elements of Socialization

सामाजिकीकरणका तत्वहरू सामाजिकीकरण गराउने मुख्य औजारहरू हुन् ।

- भाषा
- मूल्य शिक्षा
- सामाजिक अन्तरक्रिया
- सहयोग
- प्रेम र स्नेह
- गैरशाब्दिक सञ्चार
- सामाजिक वातावरण

## सामाजिकीकरणमा बाधा सिर्जना गर्ने तत्वहरू

१. भाषा र सामाजिक सांस्कृतिक परिवेशको ज्ञानको अभाव

२. विभेद

३. द्वन्द्व

४. डर

५. प्रविधिमा बढी समय

# अति छोटो उत्तर आउने प्रश्न (मौखिक)

१. सामाजीकिकरण भनेको के हो?

२. सामाजीकिकरण कुनै दुई उदाहरण दिनुहोस्।

३. सामाजीकिकरणका कुनै दुई तत्वहरु उल्लेख गर्नुहोस्।

४. सामाजीकिकरणका कुनै दुई माध्यम उल्लेख गर्नुहोस्।

५. सामाजीकिकरणलाई बाधा पुर्याउने कुनै दुई तत्वको नाम भन्नुहोस।

# लेखन अभ्यास




समय : २० मिनेट

१. प्रबिधिसँग बढी नजिक  हुँदा वर्तमान पुस्ता कम सामाजिकीकरण भएको भन्ने भनाइका पक्ष वा बिपक्षमा आफ्ना चार तर्क प्रस्तुत गर्नुहोस्।

२. सामाजिकीकरणमा कस्ता तत्वहरुले बाधा सिर्जना गर्न सक्छन?

# गृहकार्य

अस्मिता सामाजिक अध्ययन पेज ६ का प्रश्नहरु

पाठ

२

# पहिचान र विविधता

# Identity and Diversity



## पूर्वकार्य Warm Up



समय : १० मिनेट

# आफुलाई चिनाउने एक अनुच्छेद लेख्नुहोस् ।

नाम :
बसोबास गर्ने भौगोलिक क्षेत्र : हिमाल, पहाड, तराई
भाषा :
धर्म :
लिङ्ग :

# पहिचानको अर्थ Meaning of Identity

- पहिचान शब्दले कुनै पनि व्यक्तिको जातजाति वर्ण, धर्म, सम्प्रदाय, यौनिक उन्मुखता आदिका आधारमा हुने परिचयलाई जनाउँछ ।
- पहिचानले अरूभन्दा फरक भएको अनुभूति दिन्छ ।
- पहिचानका मूलतः दुई तह हुन्छन् : व्यक्तिगत पहिचान र सामूहिक पहिचान ।




ASMITA

# पहिचानका विविध स्वरूप Different Forms of Identity

**पहिचान**

- **राष्ट्रिय पहिचान** नेपाली, भारतीय, अमेरिकी, चाइनिज आदि
- **प्रजातीय पहिचान** ककेसियन, मङ्गोलियन, नेग्रो, आर्यन आदि
- **जातीय पहिचान** ब्राह्मण/ क्षेत्री, जनजाति, दलित आदि
- **धार्मिक पहिचान** हिन्दु, बौद्ध, इस्लाम, किराँत आदि
- **लैङ्गिक पहिचान** महिला, पुरूष, लैङ्गिक / यौनिक अल्पसङ्ख्यक आदि
- **क्षेत्रीय पहिचान** मधेसी, पहाडी, हिमाली, पूर्वेली, पश्चिमेली आदि
- **भाषिक पहिचान** नेपाली, मैथिली, भोजपुरी, नेवारी आदि
- **पेसागत पहिचान** शिक्षक, वकिल, लेखक, डाक्टर आदि

ASMITA

# राष्ट्रिय पहिचान National Identity

- कुनै एउटा राष्ट्रियतासँग आबद्ध हुनु राष्ट्रिय पहिचान हो ।
- जातीय, क्षेत्रीय, लैङ्गिक, धार्मिक, भाषिक पहिचानका बाबजुद एउटा राष्ट्रको छाताभित्र समेटिएका सबै व्यक्तिहरूको एउटै साझा पहिचानलाई राष्ट्रिय पहिचान भनिन्छ ।



## धार्मिक पहिचान Religious Identity

- मेरो धर्म यो, मेरा धार्मिक आधारहरू र परम्परा यी हुन् भनी स्वतन्त्रतापूर्वक अभ्यास गर्न पाउनु धार्मिक पहिचान हो ।
- नेपालको अन्तरिम संविधान २०६३ ले पहिलो पटक नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गरेको थियो ।
- यही मर्मलाई नेपालको संविधानले पनि आत्मसात गरेको छ ।



## नेपालमा धार्मिक पहिचानका लागि भएका पहलहरू
## Provisions to Promote Religious Identity in Nepal

- नेपालको संविधानको धारा ४ ले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरेको छ।
- "धर्मनिरपेक्ष" भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता जनाँउछ ।
- प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक छ ।
- कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने व्यबस्था छ ।



# क्षेत्रीय पहिचान Regional Identity

- क्षेत्रीय पहिचानले भाषिक, सांस्कृतिक र जीवनशैलीको आधारमा फरक भएको कुनै भौगोलिक क्षेत्र विशेषसँग सम्बन्धित विशिष्ट चिनारीलाई जनाउँछ ।
- भौगोलिक र प्रादेशिक चिनारीसँग सम्बन्धित पहिचान क्षेत्रीय पहिचान हो ।
- पूर्वेली, पश्चिमेली, सुदूरपश्चिमेली, हिमाली, पहाडी, मधेसी आदि हाम्रा क्षेत्रीय पहिचान हुन् ।





# लैङ्गिक पहिचान Gender Identity

- कुनै पनि व्यक्ति महिला, पुरुष वा त्यसबाहेक (अन्य) भएको अनुभूति नै लैङ्गिक पहिचान हो।
- लामो समयसम्म महिला र पुरुष दुईओटा लिङ्ग हुन्छ भन्ने मान्यता थियो। तर कतिपय व्यक्ति हुर्कदैं जाँदा वा वयस्क हुँदै जाँदा आफु जन्मेको लिङ्ग भन्दा फरक भएको अनुभूति हुन्छ।
- जन्मिँदा जुन लिङ्ग लिएर जन्मेको हुन्छ त्यही लिङ्ग कायम रहने व्यक्तिलाई स्वलिंगी (Cisgender) र आफु जन्मिँदा भन्दा फरक लिङ्गको भएको अनुभूति हुने व्यक्तिलाई पारलैलिङ्गिक व्यक्ति (Transgender) भनिन्छ।

## लैङ्गिक पहिचान Gender Identity

- कुनै पनि व्यक्ति महिला, पुरुष वा त्यसबाहेक (अन्य) भएको अनुभूति नै लैङ्गिक पहिचान हो।
- लामो समयसम्म महिला र पुरुष दुईओटा लिङ्ग हुन्छ भन्ने मान्यता थियो। तर कतिपय व्यक्ति हुर्कदैं जाँदा वा वयस्क हुँदै जाँदा आफु जन्मेको लिङ्ग भन्दा फरक भएको अनुभूति हुन्छ।
- जन्मिँदा जुन लिङ्ग लिएर जन्मेको हुन्छ त्यही लिङ्ग कायम रहने व्यक्तिलाई त्याचलैङ्गिक(Cisgender) र आफु जन्मिँदा भन्दा फरक लिङ्गको भएको अनुभूति हुने व्यक्तिलाई पारलैलिङ्गिक व्यक्ति (Transgender) भनिन्छ।

# पारलैलिङ्गिक व्यक्ति (Transgender)

- आफु जन्मिँदा भन्दा फरक लिङ्गको भएको अनुभूति हुने व्यक्तिलाई पारलैलिङ्गिक व्यक्ति (Transgender) भनिन्छ।
- Lesbian समलिङ्गी महिला
- Gay समलिङ्गी पुरुष
- Bisexual दुईलिङ्गी
- Transsexual पारलैङ्गिक
- Intersexual अन्तरलैङ्गिक
- Questioning



# नेपालमा लैङ्गिक पहिचानका लागि भएका पहलहरू
## Provisions to Promote Gender Identity in Nepal

- लैंगिक विभेदलाई दण्डनीय बनाइएको छ ।
- आमा वा बाबुको नामबाट लैंगिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने, आमाको नामबाट नागरिकता पाउन सक्ने व्यबस्था छ ।
- लमजुङको दोर्दी गाउँपालिकाले समलिंगी बिबाह दर्ता गरेको छ। समलैङ्गिक विवाहलाई मान्यता दिने नेपाल दक्षिण एसियाको पहिलो र एसियाको दोस्रो देश बनेको छ।
- सबै निकायमा महिलालाई समानुपातिक सिद्धान्तको आधारमा सहभागी गराउने व्यबस्था छ ।



## अपाङ्गता भएका व्यक्तिको पहिचान
### Identity of People Having Disability

- अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिलाई बुझिन्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूसँग समान र सम्मानपूर्वक व्यवहार, समान अवसर, राज्यका हरेक संरचनामा सहभागिता सुनिश्चित गरिनु मानव अधिकारको आधारभूत पक्ष हो ।



# पहिचानको महत्व Importance of Identity

- व्यक्ति वा समूहको परिचय दिन्छ ।
- अपनत्व बोध गराउँछ ।
- अधिकार र अवसरप्रति सचेत गराउँछ ।
- सम्मानको बोध गराउँछ ।



# विविधतामा एकताको अर्थ Meaning of Unity in Diversity

- फरक फरक पहिचान भएका व्यक्ति तथा सम्प्रदायहरूबिचमा सद्भाव, सहकार्य, सम्मान र सहिष्णुता कायम रहेको अवस्थालाई विविधतामा एकता भनिन्छ ।
- नेपालमा सदियौँदेखि विविधतामा एकता रहेको छ ।
- त्यसैले त भनिन्छ, "नेपाल एक सुन्दर फूलबारी हो ।"
- यहाँ १४२ भन्दा बढी जातजाति, १२४ भन्दा बढी भाषाभाषी, १० धार्मिक समुदाय रहेका छन् ।



## विविधतामा एकताको महत्व Importance of Unity in Diversity)

- सभ्य समाजको निर्माण
- फरक फरक क्षमता र दक्षताको उपयोग
- मजबुत राष्ट्रिय
- सामाजिक आर्थिक विकास
- शान्तिपूर्ण सहअस्तित्वको भावना



# नेपालमा विविधतामा एकता कायम गर्न अपनाउनुपर्ने उपायहरु
## Ways to Maintain Unity in Diversity in Nepal

- सम्मानको वातावरण निर्माण
- फरकपनको स्वीकार
- अन्तरघुलन
- ऐन, कानुन तथा नियमको पालना
- रुढिहरू हटाउने



# अति छोटो उत्तर आउने प्रश्न (मौखिक)

१. पहिचान भनेको के हो ?

२. क्षेत्रीय पहिचान भनेको के हो ?

३. धार्मिक पहिचानका कुनै दुई उदाहरण लेख्नुहोस् ।

४. तपाईंको साथीको दिदीले नागरिकता बनाउँदा "यौनिक अल्पसङ्ख्यक" लेखेको नागरिकता पाउनुभयो । यो उहाँको कुन पहिचानसँग सम्बन्धित छ ?

५. राष्ट्रिय पहिचान भनेको के हो ?

६. विविधतामा एकता भनेको के हो ?

७. LGBTIQ को पूरा रुप लेख्नुहोस् ।

# लेखन अभ्यास




समय : ३० मिनेट

१. नेपालमा सदियौँदेखि कायम रहेको विविधतालाई निरन्तरता दिन के गर्न सकिन्छ ? कुनै चार उपाय उल्लेख गर्नुहोस् ।

२. अपाङ्गता भएका व्यक्तिको समावेशीकरण कसरी प्रभावकारी बनाउन सकिन्छ ? कुनै चार बुँदामा उल्लेख गर्नुहोस् ।

३. लैङ्गिक पहिचानको संरक्षणको लागि नेपालमा भएका प्रयासहरुको समीक्षा गर्नुहोस्।

४. आधुनिकता र विश्वव्यापीकरणको कारण पहिचानको मुद्दा ओझेलमा परेको सुनिन्छ। तपाईं यो तर्कसँग सहमत वा असहमत हुनुहुन्छ? कुनै चार तर्क प्रस्तुत गर्नुहोस्।

# गृहकार्य

अस्मिता सामाजिक अध्ययन पेज ११ का प्रश्नहरु

पाठ

३

# हाम्रा राष्ट्रिय गौरव
## Our National Glories





# राष्ट्रिय गौरवको अर्थ Meaning of National Glory

कुनै पनि राष्ट्रलाई विश्वसामु चिनाउने प्राकृतिक / सांस्कृतिक सम्पदा, गौरवमय इतिहास, प्रभावशाली व्यक्तित्व आदिलाई राष्ट्रिय गौरव भनिन्छ ।

- सांस्कृतिक विविधता,
- नेपालीको वीरता,
- पृथक् खालको नेपालको झण्डा,
- नेपालको नयाँ राष्ट्रिय गान,
- लुम्बिनी,
- पशुपतिनाथ,
- जानकी मन्दिर

# सांस्कृतिक विविधता Cultural Diversity

एउटै भूगोलभित्र फरक फरक संस्कृतिहरू रहेको अवस्थालाई बहुसांस्कृतिकता भनिन्छ ।

**नेपालमा सांस्कृतिक विविधता**

- **प्रजातिगत** — आर्यन, मङ्गोल, द्रविड, आदिवासी ।
- **धार्मिक** — हिन्दु, बौद्ध, इस्लाम, किराँत, इसाई, बोन, प्रकृति, शिख, जैन ।
- **भौगोलिक** — मधेसी, पहाडी, हिमाली, पूर्वेली, सुदूरपश्चिमेली, उपत्यका ।
- **भाषिक** — भारोपेली, भोटबर्मेली, आग्नेय, द्रविड भाषा परिवार ।

# नेपालीको वीरता Valour of the Nepalese

- विश्वमा नेपालीलाई वीर साहसीको रूपमा चिनिन्छ ।
- नेपाल अङ्ग्रेज युद्ध (सन १८१४ -१६/ वि.सं. १८७१ -१८७२) मा विशाल फौज र आधुनिक हतियारले सुसज्जित अङ्ग्रेजी फौजको विरूद्ध सानो सङ्ख्यामा घरेलु हतियार बोकेका नेपालीहरूले डटेर लडेका ।
- प्रथम (सन् १९१४-१९१८) र दोस्रो विश्व युद्ध (सन् १९३९-१९४५) मा बेलायतको तर्फबाट लडेका नेपाली वीरहरूले एकदमै कठिन युद्ध मोर्चामा आफ्नो अदम्य साहस प्रदर्शन गरेका ।
- संयुक्त राष्ट्र संघको सुरक्षा परिषद अन्तर्गत ब्लु हेल्मेटको रुपमा विश्वका द्वन्द्वग्रस्त क्षेत्रमा शान्ति स्थापना कायम गर्न महत्वपूर्ण भूमिका (शान्ति सैनिक पठाउने देशको सूचीमा नेपाल प्रथम स्थानमा, सन् २०२३)



# राष्ट्रिय झण्डा National Flag

- राष्ट्रिय झण्डाले देशको राष्ट्रिय पहिचान बोकेको हुन्छ ।
- नेपालको वर्तमान राष्ट्रिय झण्डा वि.सं. २०१९ पुष १ गते (सन् १९६२, १६ डिसेम्बर) प्रयोगमा ल्याइएको हो ।
- यो औपचारिक कार्यक्रम, सरकारी कार्यालय र अति विशिष्ट व्यक्तिहरूको सवारी साधनमा प्रयोग गरिन्छ ।
- हाम्रो राष्ट्रिय झण्डा दुई त्रिकोण मिलेर बनेको छ । आधार (base) मा रातो छ, किनारा निलो छ ।
- तल रहेको सूर्य र माथिल्लो भागमा रहेको चन्द्रमाले यी दुई रहेसम्म नेपालीहरू सार्वभौम र वीर छन् भन्ने सङ्केत गर्दछ । रातो रङ नेपालीहरूको विश्व प्रसिद्ध वीरताको प्रतीक हो ।
- त्यसैगरी निलो रङले शान्तिप्रिय र अहिंसावादी नेपालीको प्रतिनिधित्व गर्छ ।



# राष्ट्रिय झण्डाको सम्मान Respect to National Flag

- राष्ट्रिय झण्डाको सम्मान गर्नु हामी सबैको कर्तव्य हो।
- झण्डालाई उचो राखेर प्रयोग गर्नुपर्छ।
- राष्ट्रिय बिपत्तिमा बाहेक राष्ट्रिय झण्डा झुकाउनु हुँदैन।
- भावनामा बहकिएर शरीरमा जथाभावी कम्मरभन्दा मुनि झण्डा बोकेर हिँड्नुहुदैन।
- राष्ट्रिय झण्डा उल्टो चन्द्रमा तल पर्ने गरी राख्न पाइंदैन। छातीभन्दा तलको भागमा लगाइने कपडामा राष्ट्रिय झण्डा प्रिन्ट गर्न पाइँदैन।



# राष्ट्रिय गान National Anthem

- राष्ट्रिय गान देशभक्तिपूर्ण साङ्गीतिक रचना हो जसले देशका जनताको इतिहास, परम्परा र सङ्घर्षको प्रतिनिधित्व गर्छ ।
- यो राष्ट्रको आधिकारिक गीत हो ।
- रचना: प्रदीपकुमार राई (व्याकुल माइला)
- सङ्गीत : अम्बर गुरुङ



# पशुपतिनाथ मन्दिर Pashupatinath Temple

- नेपालको प्रमुख हिन्दु धार्मिक तीर्थस्थल
- प्यागोडा शैलीमा बनाइएको
- मन्दिर शैव, वैष्णव, बौद्ध, जैनलगायतका सम्प्रदायका श्रद्धालुहरूको पनि आस्थाको केन्द्र
- ठुलो ऐतिहासिक महत्त्व
- राजा धर्मदत्तले निर्माण र राजा शिव सिंह मल्लकी रानी र राजा प्रताप मल्लले जीर्णोद्धार गराएका
- सन् १९७९ मा युनेस्कोको विश्वसम्पदा सूचीमा समावेश



# सगरमाथा Mt. Everest

- ८ हजार मिटरभन्दा बढी उचाइ भएका विश्वका १४ ओटा हिमालमध्ये ८ ओटा नेपालमा रहेका
- २७ डिग्री ५९ मिनेट र ३१ सेकेन्ड पूर्वी देशान्तरमा अवस्थित
- उचाइ : समुद्र सतहबाट ८८४८.८६ मिटर
- सन् १८६५ मा सर जर्ज एभरेस्टको नामबाट माउण्ट एभरेस्ट नामकरण
- वि. सं. २०१२ (सन् १९५६) मा बाबुराम आचार्यले सगरमाथा नामकरण
- सगरमाथा आरोहणबाट सन् २०२३ मा देशले लगभग १३ अर्ब रुपैँया आम्दानी गरेको थियो



# लुम्बिनी Lumbini

- भगवान् गौतम बुद्धको जन्मस्थान
- यसकै नाममा यहाँको प्रदेशको नामकरण
- विश्वभरिका बौद्धमार्गीहरूको लागि पवित्र तीर्थस्थल
- इसापूर्व २४९ मा सम्राट अशोकले यस ठाउँको भ्रमण गरेका
- गौतम बुद्धको जन्मोत्सव मनाउन शिलाको स्तम्भ पनि खडा गरेका थिए ।



# जानकी मन्दिर Janaki Temple

- सबैभन्दा ठुलो मन्दिर, मुगल शैलीमा बनाइएको
- भारतको टिकमगढकी रानी वृषाभानुदेवीले सन् १९१० मा निर्माण
- मन्दिरको पूर्वी ढोकामाथि दुईओटा सिंहका मूर्ति
- यो मन्दिरको निर्माण गर्दा नौ लाखभन्दा बढी चाँदीका असर्फी प्रयोग भएकोले यसलाई नौलखा मन्दिर पनि भनिन्छ ।



- उत्तर-पूर्वमा लक्ष्मण मन्दिर र दक्षिण पश्चिममा मस्जिद छ । मन्दिर परिसरभित्र मस्जिदको उपस्थितिले नेपालमा धार्मिक सहिष्णुता रहेको प्रमाणित गर्दछ ।
- मन्दिर निर्माण गर्ने मुस्लिम कालिगढलाई नमाज पढ्नका लागि मस्जिद निर्माण गरेको बताइएको छ ।

# अति छोटो उत्तर आउने प्रश्न (मौखिक)

१. एक वाक्यमा राष्ट्रिय गौरवको परिचय दिनुहोस्।

२. सगरमाथाको उचाई कति छ ?

३. जानकी मन्दिरलाई किन नौलखा मन्दिर पनि भनिन्छ ?

४. लुम्बिनी कहिले विश्व सूचीमा सूचीकृत भएको थियो ?

५. नेपालीको वीरता दर्साउने कुनै दुई घटना उल्लेख गर्नुहोस्।

# लेखन अभ्यास



समय : २० मिनेट

१. नेपालको सांस्कृतिक विविधताले कसरी राष्ट्रिय पहिचान बनाएको छ ?

२. हाम्रा राष्ट्रिय गौरवको महत्त्व अझ बढाउन र विश्वसामु चिनाउन के कस्ता उपायहरू अपनाउनुपर्ला ? उल्लेख गर्नुहोस् ।

३. सगरमाथाको आर्थिक महत्त्व के छ ? नेपालमा पर्वतारोहणको कस्तो सम्भावना छ ?

# परियोजना कार्य




बुझाउने दिन: ४ दिन

समूहमा विभाजित भएर निम्न तथ्यको बारेमा इन्टरनेटबाट थप तथ्य सङ्कलन गरी पावरप्वाइन्ट निर्माण गरेर कक्षामा प्रस्तुत गर्नुहोस् :

- समूह क - लैङ्गिक पहिचान
- समूह ख- जानकी मन्दिर
- समूह ग - नेपालको पुरानो र नयाँ राष्ट्रिय गान
- समूह घ - भाषिक पहिचान


Asmita Publication
NEW edition
सामाजिक अध्ययन
SOCIAL STUDIES
१०
लेखक
युवराज गौतम
खुबिराम आचार्य
खुबिराम अधिकारी
सम्पादक
टीकाहरि बराल

धन्यवाद !






# विकासका पूर्वाधार

## Infrastructures of Development

एकाइ २

## तहगत सक्षमता

- विकासका पूर्वाधारको अवस्था पहिचान, महत्व बोध र प्रस्तुति ।
- स्थानीय विकासका गतिविधिमा सक्रिय सहभागिता ।

## सिकाइ उपलब्धिहरु
## Learning Achievements

यस एकाइको अन्त्यमा तपाईं निम्न कार्य गर्न सक्षम हुनुहुनेछ :

- मानव विकास सूचकाङ्कको अवधारणा बताउन र नेपालको स्थितिलाई अन्य सार्क राष्ट्रसँग तुलना गर्न ।
- दिगो विकासको अवधारणा र भएका प्रयास बताउन एवम् व्यक्तिले गर्न सक्ने योगदानको चर्चा गर्न ।
- नेपालमा विकासको सङ्घीय र प्रादेशिक अवधारणा र कार्य क्षेत्र प्रस्तुत गर्न ।
- नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाको परिचय र उपलब्धि उल्लेख गर्न ।

पाठ

१

# मानव विकास सूचकाङ्क
# Human Development Index








## मानव विकासको अवधारणा Concept of Human Development

- मानव विकास : मानवका छनोटलाई व्यापक बनाउने प्रक्रिया
- दुईओटा विश्वयुद्धबाट तहसनहस भएको विश्वलाई यथास्थितिमा ल्याउनको लागि सन् १९५०, १९६० अनि १९७० को दशकमा तीव्र आर्थिक विकासलाई जोड दिँदा मानव विकासको पक्ष ओझेलमा
- १९९० को दशकबाट मानव विकासको अवधारणा सुरू भएको



## मानव विकास सूचकाङ्कको अवधारणा Concept of Human Development Index

- मानव विकास सूचकाङ्क : कुनै पनि देश वा क्षेत्रको मानवको जीवनको अपेक्षित आयु, शिक्षा र आय सूचकको समग्र तथ्याङ्क
- यो तथ्याङ्कलाई सन् १९९० मा पाकिस्तानी अर्थशास्त्री महबुब उल हक र भारतीय अर्थशास्त्री अर्मत्य सेनले प्रतिपादन गरेका
- आर्थिक विकास मात्र विकासको सूचक हुन सक्दैन भन्ने मान्यता



अर्मत्य सेन



महबुब उल हक

## मानव विकास सूचकाङ्कको अवधारणा Concept of Human Development Index

मानव विकास सूचकाङ्कमा निम्न तीन सूचक वा आयाम समावेश हुन्छन् :

१. **दीर्घ र स्वस्थ जीवन**

२. **ज्ञान**

३. **सभ्य जीवनस्तर**



## मानव विकास चार श्रेणीहरू
## Four Tiers of Human Development

- निम्न मानव विकास: ०.० - ०.५४९
- मध्यम मानव विकास: ०.५५० - ०.६९९
- उच्च मानव विकास: ०.७०० - ०.७९९
- अति उच्च मानव विकास: ०.८०० - १.००

# मानव विकास सूचकाङ्क गणना गर्ने तरिका
## Method to Calculate Human Development Index

मानव विकास सूचकाङ्क निकाल्न केही सूचकहरु र तिनको मापन आवश्यक पर्दछ । यस्ता सूचकहरुको अधिकतम र न्यूनतम मानहरु निर्धारण गरिएको हुन्छ । ती सूचक र मान निम्न तालिकामा उल्लेख गरिएको छ :

| आयामहरू | सूचक | अधिकतम मान | न्यूनतम मान |
|---|---|---|---|
| स्वास्थ्य आयाम | औसत आयु | ८५ | २० |
| शिक्षा आयाम | अपेक्षित विद्यालय वर्ष | १८ | ० |
| | औसत विद्यालय वर्ष | १५ | ० |
| जीवन आयाम | प्रतिव्यक्ति आय | ७५,००० डलर | १०० डलर |

# मानव विकास सूचकाङ्क गणना गर्ने सुत्र
## Formula to Calculate Human Development Index

मानव विकास सूचकाङ्क निकाल्न निम्न सूत्रको प्रयोग गरिन्छ :

$$\text{स्वास्थ्य सूचक (Health Index: HI)} = \frac{\text{सम्बन्धित देशको औसत आयु} - \text{विश्वको न्यूनतम औसत आयु}}{\text{विश्वको अधिकतम औसत आयु} - \text{विश्वको न्यूनतम औसत आयु}}$$

$$\text{शैक्षिक सूचक (Educational Index: EI)} = \frac{\frac{\text{सम्बन्धित देशको औसत शैक्षिक संलग्नता वर्ष}}{१५} + \frac{\text{सम्बन्धित देशको अपेक्षित शैक्षिक संलग्नता वर्ष}}{१८}}{२}$$

$$\text{आय सूचक (Income Index: II)} = \frac{\ln(\text{सम्बन्धित देशको प्रतिव्यक्ति कुल राष्ट्रिय आय}) - \ln(\text{विश्वको न्यूनतम प्रतिव्यक्ति कुल राष्ट्रिय आय})}{\ln(\text{विश्वको अधिकतम प्रतिव्यक्ति कुल राष्ट्रिय आय}) - \ln(\text{विश्वको न्यूनतम प्रतिव्यक्ति कुल राष्ट्रिय आय})}$$

$$\text{मानव विकास सूचकाङ्क (Human Development Index: HDI)} = \sqrt[३]{\text{स्वास्थ्य सूचक} \times \text{शैक्षिक सूचक} \times \text{आय सूचक}}$$

# नेपालगायत सार्क राष्ट्रहरुको मानव विकास सूचकाङ्कको अवस्था

## Status of Human Development Index of SAARC Countries

| क्र.सं. | देश | अङ्क | स्थान |
|---|---|---|---|
| १ | श्रीलङ्का | ०.७८० | ७८ |
| २ | माल्दिभ्स | ०.७६२ | ८७ |
| ३ | भुटान | ०.६८१ | १२५ |
| ४ | बङ्गलादेश | ०.६६० | १२९ |
| ५ | भारत | ०.६४४ | १३४ |
| ६ | नेपाल | ०.६०१ | १४६ |
| ७ | पाकिस्तान | ०.५४० | १६४ |
| ८ | अफगानिस्तान | ०.४६२ | १८२ |

# मानव विकास सूचकाङ्कको महत्व
## Importance of Human Development Index

- देशको मानव विकासको अवस्था थाहा पाउन ।
- देशको शिक्षा, स्वास्थ्य र आयको अवस्था बुझ्न ।
- विकास निर्माणका कार्यमा प्राथमिकताका क्षेत्रहरु तय गर्न ।
- राष्ट्रका नीति तथा कार्यक्रम निर्माण, सम्पादन र परिमार्जन गर्न ।
- देशहरुबिचको विकासको अवस्था तुलना गर्न ।



# सन् २०२३ मा नेपालको मानव विकासको अवस्थाको विश्लेषण
## Analysis of Nepal's Human Development Index 2023

- सन् २०२३/२४ को प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकांक मान ०.६०१ पुगेको छ । विश्वका १९३ देश र भूभागमध्ये १४६औं स्थानमा रहेको छ।
- नेपाल मध्यम मानव विकास श्रेणी (०.५५० देखि ०.६९९ बीचको श्रेणी)को वर्गमा परेको छ ।
- नेपालले विगत पाँच दशकमा प्रगति गरे तापनि कोभिड महामारीपछि गतिरोध आएको थियो।
- जलवायु परिवर्तन, डिजिटलीकरण, गरिबी र असमानताको क्षेत्रमा सामूहिक रुपमा काम गर्न नसक्नुले मानव विकासमा बाधा पुगेको
- सन् २०११ मा भन्दा तीन स्थान माथि उक्लेको (सन् २०११ मा नेपालको मानव विकास सूचकांक ०. ५९१ र स्थान १४९ हुनुपर्नेमा अर्थ मन्त्रालयले गलत तथ्याङ्क प्रयोग गरेकोले सन् २०२० कै तथ्यांक (०.६०२) प्रयोग हुन पुगेको।)

# नेपालमा मानव विकासका चुनौतीहरु Challenges of Human Development in Nepal

- नि:शुल्क स्वास्थ्य, शिक्षा र रोजगारसम्बन्धी अधिकार प्रदान गर्ने क्षमता राष्ट्रसँग नहुनु ।
- गाँस, बास र कपास नै पहिलो प्राथमिकता भएकोले मानव विकासको मुद्दा ओझेलमा पर्नु ।
- दिगो विकासले राखेका लक्ष्य प्राप्त गर्ने यथेष्ट स्रोतसाधन नहुनु ।
- स्रोतसाधनमा सबै जनताको पहुँच नसक्नु ।
- विभेद र वञ्चितीकरणमा परेका सीमान्तकृत समुदायको सामाजिक न्याय र राष्ट्रिय मूलप्रवाहीकरण प्रभावकारी रूपमा नहुनु ।
- औद्योगिक क्षेत्रमा पर्याप्त लगानी नहुनु जसले गर्दा रोजगारीका अवसर सिर्जना नहुनु ।
- व्यावसायिक र सिपमूलक शिक्षाको सुनिश्चितता गर्न नसक्नु ।

# नेपालको मानव विकासको अवस्था सुधार्ने उपाय

## Ways to Improve Nepal's HDI Status

- १. शिक्षाको विकासमा जोड
- २. स्वास्थ्य क्षेत्रको विकासमा जोड
- ३. आम्दानीमा वृद्धि
- ४. सुशासन र जनचेतना



# अति छोटो उत्तर आउने प्रश्न (मौखिक)

१. मानव विकास सूचकाङ्क भनेको के हो ?

२. नेपालमा मानव विकास सूचकाङ्क कम हुनुका कुनै दुई कारणहरू के हुन् ?

३. नेपालमा मानव विकासको अवस्था सुधार्न अपनाउनुपर्ने कुनै दुई उपाय सुझाउनुहोस्

४. नेपालमा मानव विकासको कुनै एक चुनौती बताउनुहोस् ।

# लेखन अभ्यास




समय : २० मिनेट

१. मानव विकास सूचकाङ्कको महत्त्व वा आवश्यकता उल्लेख गर्नुहोस् ।

२. नेपालको मानव विकासको स्थिति वर्णन गर्नुहोस् ।

३. सार्क राष्ट्रहरूको मानव विकासको अवस्थालाई तुलना गर्नुहोस् ।

पाठ ९

# दिगो विकास
# Sustainable Development



# पूर्वकार्य Warm Up

## दिइएको चित्र अध्ययन गरेर आफ्नो धारणा व्यक्त गर्नुहोस् :

हजुरबुवा हजुरले जुन आँपको विरुवा रोप्दैहुनुहुन्छ त्यसले फल दिने बेलासम्म त उमेरको कारण हजुरले आँप खान छोडिसक्नुहुन्छ होला । अनि किन यी बोट रोप्दैहुनुन्छ?



नाती आज म जुन बोटबाट फल खाइरहेछु ती बोटपनि मैले रोपेको हैन । अरु कसैले रोपेका थिए ।

**त्यसपछि नातीले के भने होलान? हजुरबाले के भने होलान ?**

# दिगो विकासको अवधारणा
## Concept of Sustainable Development

- विकास भनेको सकारात्मक, गतिशील र बहुआयामिक परिवर्तन हो ।
- देशका जनताको जीवनमा आउने सकारात्मक परिवर्तन
- दिगो विकास पनि एउटा सकारात्मक परिवर्तन हो तर दीर्घकालीन तथा टिकाउपूर्ण ।
- भावी पुस्ताका आवश्यकतालाई मध्यनजर गर्दै वर्तमान मानवीय आवश्यकतालाई पूरा गर्ने कार्य नै दिगो विकास हो ।

# दिगो विकासको अवधारणा विकास
## Evolution of the Concept of Sustainable Development

- सन् १९७२ मा स्वीडेनको स्टकहोममा मानवीय वातावरणसम्बन्धी सम्मेलन
- सन् १९८३ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभाद्वारा वातावरण र विकाससम्बन्धी आयोग गठन गर्ने प्रस्ताव पारित ।
- सन् १९८७ मा विश्व वातावरण तथा विकास आयोग (World Commission on Environment and Development: WCED) द्वारा हाम्रो साझा भविष्य (Our Common Future) भन्ने प्रतिवेदन प्रकाशित ।
- नर्वेका पूर्वप्रधानमन्त्री/ पहिलो नर्वेजियन महिला प्रधानमन्त्री ग्रो हार्लेम ब्रुन्टल्याण्ड (Gro Harlem Brundtland) को नेतृत्वमा यो आयोग गठन भएकोले यसलाई ब्रुन्टल्याण्ड आयोग (Brundtland Commission) पनि भनिन्छ।



# दिगो विकासका उद्देश्य
## Objectives of Sustainable Development

१. वातावरण तथा स्रोतसाधनको प्रभावकारी ढङ्गले संरक्षण गर्ने ।

२. गरिबी निवारणमा मद्दत पुऱ्याउने ।

३. मानव विकास र प्रगतिमा मद्दत पुऱ्याउने ।

४. प्राकृतिक स्रोतसाधनको सावधानीपूर्ण प्रयोग गर्ने ।

५. उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने ।

६. वर्तमान सन्ततिका लागि मात्रै नभएर भावी सन्ततिका लागि पनि सुनौलो भविष्यको परिकल्पना ।

७. उपलब्ध स्रोतसाधनको दिगो र न्यायपूर्ण वितरण ।

८. उपभोगवादी संस्कृति नियन्त्रण गर्ने ।

९. सामाजिक सद्भाव कायम गर्ने ।

१०. वातावरणमैत्री विकास गर्ने ।

११. विकासका कार्यमा जनताको सहभागिता ।

# दिगो विकासका आयामहरु Dimensions of Sustainable Development



# नेपालमा दिगो विकासका लागि भएका प्रयास

## Efforts for the Sustainable Development in Nepal

- आठौं योजनामा दिगो विकासको अवधारणा समावेश गरिएको ।
- वि.सं. २०५० मा वातावरण संरक्षण परिषद्को स्थापना ।
- वि.सं. २०५२ मा जनसङ्ख्या तथा वातावरण मन्त्रालयको स्थापना ।
- वि.सं. २०५३ मा वातावरण संरक्षण ऐन र वि.सं. २०५४ मा वातावरण संरक्षण नियमावली जारी ।
- वि.सं. २०५६ मा वातावरण संरक्षण परिषद्को स्थापना ।
- वि.सं. २०५७ मा ओजोन तहलाई नष्ट गर्ने पदार्थको उपयोग नियमावली जारी ।
- नेपालको संविधानमा स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रावधान ।
- विभिन्न योजनाहरूमा दिगो विकासका नीति, कार्यक्रम र रणनीतिहरू समावेश गरिएको ।

# दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरु
## Measures to Promote Sustainable Development

१. उपयुक्त प्रविधिको प्रयोग
२. वातावरण शिक्षा र चेतना
३. गुणस्तरीय जीवन
४. पुनरावृत्ति, नवीकरण र पुनः प्रयोग
५. क्षमताअनुसार स्रोतसाधनलाई प्रयोग



# दिगो विकासमा ध्यान दिनुपर्ने पक्षहरु
## Aspects to Consider for Sustainable Development

- स्रोतसाधनको विवेकपूर्ण प्रयोग ।
- वातावरणीय सन्तुलन ।
- गरिबी निवारण र रोजगारी सिर्जना ।
- सबै संस्कृति र धर्मको सम्मान ।
- सुशासनमा जोड ।
- स्रोतसाधन र जनसङ्ख्याको तालमेल ।
- दिगो उत्पादन र उपयोग ।



## अति छोटो उत्तर आउने प्रश्न (मौखिक)

१. दिगो विकास भनेको के हो ?

२. दिगो विकासका कुनै दुई उद्देश्य लेख्नुहोस् ।

३. नेपालमा दिगो विकासका लागि भएका कुनै दुई प्रयास उल्लेख गर्नुहोस् ।

४. दिगो विकासका कुनै दुई आयाम लेख्नुहोस् ।

# लेखन अभ्यास



समय : २० मिनेट

१. "विकास व्यवस्थित हुनुपर्दछ । अव्यवस्थित विकासले विनाश निम्त्याउँछ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

२. दिगो विकासको अवधारणा विकास भएको लामो समय भएपनि नेपालमा हाल भएका विकास गतिबिधि दिगो विकासको मर्म अनुसारको नहुनुका कारण समीक्षा गर्नुहोस्।

पाठ

३

# सङ्घीय नेपाल र विकासको प्रादेशिक अवधारणा
## Federal Nepal and Regional Concept of Development



## सङ्घीयताको अर्थ Meaning of Federalism

एकै समयमा एकभन्दा बढी सरकारद्वारा शासन गरिने व्यवस्था सङ्घीयता हो । अर्थात् बहुतहका सरकारहरूबिच संविधानमा नै अधिकारहरूको बाँडफाँड गरिने व्यवस्थालाई सङ्घीयता भनिन्छ ।




वि.सं. २०६५ जेष्ठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भनेर घोषणा गरिए पनि २०७२ असोज ३ मा नेपालको संविधान जारी भएसँगै नेपालले सङ्घीयताको अभ्यास गरिरहेको छ ।

# नेपालमा सङ्घीयताको अभ्यास Nepal's Federal Practice

## नेपालको सङ्घीय संरचना

### केन्द्र सरकार

**व्यवस्थापिका**
- प्रतिनिधि सभा
- राष्ट्रिय सभा

**कार्यपालिका**
- नेपाल सरकार/ मन्त्रीपरिषद्

**न्यायपालिका:** तीन तहका अदालत
- सर्वोच्च अदालत
- उच्च अदालत
- जिल्ला अदालत

### प्रदेश सरकार

**व्यवस्थापिका**
- प्रदेश सभा

**कार्यपालिका**
- प्रदेश मन्त्रीपरिषद्

**न्यायपालिका:** प्रदेश सरकारलाई न्यायिक अधिकार प्रदान गरिएको छैन ।

### स्थानीय सरकार

**व्यवस्थापिका**
- गाउँ सभा
- नगर सभा

**कार्यपालिका**
- गाउँ कार्यपालिका
- नगर कार्यपालिका
- न्यायिक समितिलाई केही मुद्दामामिला तथा विवाद हेर्ने अधिकार दिए पनि यसलाई संविधानमा कार्यपालिकाअन्तर्गत राखिएको छ ।

# नेपालमा सङ्घीयताले सिर्जना गरेका अवसर
## Opportunities Created by Federalism in Nepal

- दीर्घकालीन शान्ति र सशस्त्र द्वन्दको अन्त्य
- सेवा प्रवाहमा सहजता र सरलता
- बसाइँसराइ व्यवस्थापन
- शासकीय जिम्मेवारी
- चुस्त कर प्रशासन
- संवृद्धि



## सङ्घीयताका चुनौतीहरु
## Challenges of Federalism

- बलियो राष्ट्रिय नीति कायम गर्ने
- उत्तरदायित्व कायम गर्ने
- राष्ट्रियता र अखण्डता कायम राख्ने
- बढ्दो प्रशासनिक खर्च व्यवस्था गर्ने
- प्रदेश र स्थानीय तह नयाँ संरचना भएकोले सबलीकरण गर्ने
- अधिकारको दोहोरोपन हटाउनु र स्पस्ट गर्ने ।

## नेपालमा सङ्घीयतालाई सफल बनाउन गर्नुपर्ने कार्यहरू
### Challenges of Federalism

- राजनीतिक नेतृत्व तथा सर्वसाधारणलाई नेपालमा सङ्घीयताको आवश्यकता पर्नुको औचित्य प्रष्ट पार्ने।
- प्रदेश र स्थानीय तहलाई केन्द्र सरकारको निर्भरता कम गरी आत्मनिर्भरता कायम गर्न उत्प्रेरित गर्ने।
- नेपालको सङ्घीयता सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित भएको कारण यहि मर्मअनुसार काम गर्ने।
- अधिकारको दोहोरोपनको अन्त्य गर्न आवश्यक ऐन, कानून निर्माण गर्ने।
- अनावश्यक कार्यालय खारेज गरेर प्रशासनिक खर्च कम गर्ने।

# अति छोटो उत्तर आउने प्रश्न (मौखिक)

१. सङ्घीयता शब्दलाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।

२. एकात्मक व्यवस्था र सङ्घीयताबिचको एक फरक उल्लेख गर्नुहोस् ।

३. नेपाललाई कहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषित गरियो ?

# लेखन अभ्यास




समय : २० मिनेट

१. "विकास व्यवस्थित हुनुपर्दछ । अव्यवस्थित विकासले विनाश निम्त्याउँछ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

२. दिगो विकासको अवधारणा विकास भएको लामो समय भएपनि नेपालमा हाल भएका विकास गतिबिधि दिगो विकासको मर्म अनुसारको नहुनुका कारण समीक्षा गर्नुहोस्।

पाठ

४

# नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरू
# Development Projects of National Pride of Nepal



# राष्ट्रिय गौरवका आयोजनाको अर्थ
## Meaning of Projects of National Pride

- समग्र राष्ट्रको पहिचान दिलाउने, देशको ठुलो जनसङ्ख्यालाई लाभान्वित गराउने, ठुलो लगानी भएका र राष्ट्रिय स्तरबाट सञ्चालित विकास आयोजनालाई राष्ट्रिय गौरवका विकास आयोजना भनिन्छ ।
- नेपालमा हालसम्म २४ ओटा राष्ट्रिय गौरवका विकास आयोजनाहरू रहेका छन् ।



# राष्ट्रिय गौरवका आयोजनाहरुको उद्देश्य
## Objectives of Projects of National Pride

- समृद्ध नेपालको आधारशिला निर्माण गर्ने ।
- सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने ।
- यातायात पूर्वाधारको विकासमार्फत सघन अन्तर आबद्धता बढाउने ।
- सांस्कृतिक सम्पदाको संवर्धन तथा पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने ।



# राष्ट्रिय गौरवका आयोजनाहरुको उद्देश्य
## Objectives of Projects of National Pride

- आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने ।
- दिगो विकासका लक्ष्यहरु हासिल गर्नमा टेवा पुऱ्याउने ।
- शुद्ध खानेपानीको आपूर्तिलाई सहज बनाउने ।
- उच्च क्षमताका, ठुला र जलाशययुक्त आयोजनाबाट जलविद्युत् उत्पादन गरी ऊर्जाको स्वदेशी मागलाई पूर्ति गर्दै अन्तरदेशीय व्यापार गर्ने ।



# नेपालका राष्ट्रिय गौरवका आयोजना

## Development Projects of National Pride of Nepal

# १. राष्ट्रपति चुरे-तराई-मधेस संरक्षण कार्यक्रम

- सुरु: वि.सं. २०६६/६७ मा सुरु
- राष्ट्रिय गौरवको आयोजनाको रुपमा परिणत : आर्थिक वर्ष २०७०/७१ मा
- मुख्य लक्ष्य :
  - चुरे क्षेत्रमा देखिएका बहुपक्षीय समस्याहरुलाई समाधान गर्नु
  - चुरे क्षेत्रपूर्वको इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ जिल्लामा फैलिएको
  - चुरे क्षेत्र भूबनोटका दृष्टिकोणले अत्यन्तै कमजोर र पत्रे चट्टानयुक्त क्षेत्र



## २. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल

- शिलान्यास : वि.सं. २०७३ वैशाख १ गते
- करिब ४००० रोपनी क्षेत्रफलमा फैलिएको
- मुख्य उद्देश्य : पोखरालाई विश्वकै एक पर्यटकीय गन्तव्यका रुपमा स्थापना गर्नु हो ।
- सन् २०२३ जनवरी १ बाट सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तराष्ट्रिय उडान हुन नसक्दा देशलाई ठुलो घाटा भइरहेको छ।
- करिब २२ अर्ब रुपैयाँ चिनियाँ ऋण ऋणको गलापासोमा फसेको यो विमानस्थलमा अहिले राष्ट्रिय उडानहरू मात्रै भइरहेका छन्।



## ३. बुढी गण्डकी जलविद्युत् आयोजना

- गोरखा र धादिङ जिल्लाको सिमानामा अवस्थित
- यो आयोजना काठमाडौंबाट पश्चिम ८० कि.मि.को दुरीमा रहेको
- जलाशययुक्त जलविद्युत् आयोजना
- क्षमता : १२०० मेगावाट
- अनुमानित लागत: करिव २६० अर्ब
- १२ सय मेगावाट बिजुली उत्पादन गर्ने नेपालकै सबैभन्दा ठूलो जलाशययुक्त परियोजना हुने छ।
- बूढीगण्डकी आयोजना बनाउने लगानी जुटाउन भन्दै सरकारले पेट्रोलियम पदार्थमा कर लगाउँदै आएको छ। प्रतिलिटर पाँच रूपैयाँबाट सुरु गरिएको पूर्वाधार कर अहिले १० रूपैयाँ छ।
- पूर्वाधार करको रकम सरकारले अन्तै खर्च गरिरहेको छ।



## ४. माथिल्लो तामाकोसी जलविद्युत् आयोजना

- दोलखा जिल्लाको उत्तरी भागमा अवस्थित, मुख्य आयोजना स्थल लामाबगर
- तामाकोसी नदीको वहावबाट विद्युत् उत्पादन गरिने आयोजना
- विद्युत् उत्पादन क्षमता ४५६ मेगावाट
- आर्थिक वर्ष वि.सं. २०६७/६८ मा सुरु
- वि.सं. २०७५/७६ मा सम्पन्न हुने भनिए तापनि भूकम्प, दक्षिण सीमा क्षेत्रमा भएको अवरोध, कोरोना महामारीलगायतका विभिन्न कारणले गर्दा यसको निर्माण सम्पन्न ढिलो



## ५. पुष्पलाल / मध्य पहाडी लोकमार्ग

- ❖ नेपालको पूर्वदेखि पश्चिमसम्मका पहाडी भूभागलाई समग्र सडक सञ्जालबाट जोड्ने राष्ट्रिय गौरवको आयोजना
- ❖ पूर्वको पहाडी जिल्ला पाँचथरको चियो भञ्ज्याङ, च्याङथापुदेखि सुरु भई बैतडी जिल्लाको झुलाघाटसम्म जोड्ने
- ❖ सम्पूर्ण निर्माण खर्च नेपाल सरकारको आन्तरिक स्रोतबाट व्यहोर्ने
- ❖ लम्बाइ १८७९ कि.मि. रहेको छ ।
- ❖ यो नेपालको सबैभन्दा लामो सडक हुनेछ ।



## ६. हुलाकी लोकमार्ग आयोजना

- पूर्व पश्चिम तराईका बस्तीहरूमा यातायातको सहज पहुँच पुऱ्याउने लक्ष्य लिएको विकास आयोजना
- पूर्वमा झापा केचनादेखि पश्चिममा कञ्चनपुर दोधारा चाँदनीसम्मको भूभागलाई जोड्ने
- कुल लम्बाइ १७९२.४२ किलोमिटर
- यो सडकमा पर्ने २१९ ओटा पुल निर्माण गर्ने लक्ष्य



## ७. काठमाडौं-तराई (मधेस) द्रुतमार्ग आयोजना

❖ सङ्घीय राजधानी काठमाडौंलाई तराई / मधेससँग जोड्ने रणनीतिक महत्त्वको द्रुतमार्ग

❖ ललितपुरको खोकना र बाराको निजगढलाई जोड्ने

❖ लम्बाइ : ७६.४ किलोमिटर

❖ छोटो दुरीमा राजधानी काठमाडौंलाई तराईसँग जोड्ने

❖ ढुवानी सहज बनाउँदै नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा

❖ निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई

❖ यसमा यात्रा समय करिब १ घण्टा लाग्ने अनुमान



## ८. मेलम्ची खानेपानी आयोजना

- काठमाडौँ उपत्यकाको खानेपानीको समस्या समाधान गर्ने लक्ष्यका साथ निर्माण गरिएको
- आर्थिक वर्ष २०५५/५६ मा सुरु
- आर्थिक वर्ष २०७०/७१ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा ढिलो हुन गई आर्थिक वर्ष २०७७/७८ मा प्रथम चरणको काम सम्पन्न भएको
- सिन्धुपाल्चोकको मेलम्चीबाट २६ किलोमिटरको सुरुङमार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर पानी आपूर्ति गर्न थालेको



## ९. पशुपति क्षेत्र विकास कोष

- ❖ पशुपति क्षेत्रभित्रका पुरातात्विक सम्पदा संरक्षण गर्नुका साथै यस क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्यटनको नमुना क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य



## १०. लुम्बिनी क्षेत्र विकास कोष

भगवान् गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीलाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्र निर्माण गर्ने लक्ष्य



## ११.विद्युत् प्रसारण आयोजना

- नेपाल सरकार र अमेरिकी सरकारी निकाय मिलिनियम च्यालेञ्ज कर्पोरेसन (Millennium Challenge Corporation: MCC) बिच नेपालमा ऊर्जा र यातायात क्षेत्रको पूर्वाधारको विकासको निमित्त विद्युत् प्रसारण आयोजना गठन भएको
- सम्झौताअनुसार संयुक्त राज्य अमेरिकाले नेपाललाई करिब रु. ६० अर्ब रकम अनुदान दिनेछ ।
- विशेष गरी अन्तरदेशीय विद्यत् प्रसारण लाइन निर्माणमा खर्च गर्ने लक्ष्य, केही रकम सडक मर्मत र अन्य विषयमा खर्च हुने ।

## १२. सिक्टा सिँचाइ आयोजना

नेपाल सरकारले आर्थिक वर्ष २०६२/६३ बाट आफ्नै आर्थिक तथा प्राविधिक स्रोतबाट सिक्टा सिँचाइ आयोजना सुरु गरेको हो । आर्थिक वर्ष २०६८/६९ मा यस आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा स्तरोन्नति गरिएको हो । यस आयोजनाको लक्ष्य बाँकेको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी कुल ४२,७६६ हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने रहेको छ ।

## १३. बबई सिँचाइ आयोजना

यो आयोजना बर्दिया जिल्लामा अवस्थित छ । यसको लक्ष्य बर्दिया जिल्लाको ३६००० हेक्टर कृषि योग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने रहेको छ । आर्थिक वर्ष २०४५/४६ मा सुरु भएको यो आयोजना आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाको ६० प्रतिशतभन्दा धेरै काम सम्पन्न भएको छ ।

## १४. रानीजमरा कुलरिया सिँचाइ आयोजना

- कैलाली जिल्लामा अवस्थित छ ।
- कृषकबाट निर्माण गरी व्यवस्थापन गरिएको सबैभन्दा ठुलो सिँचाइ प्रणाली
- कुल ३८३०० हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य



## १५. सुनकोसी मरिण डाइभर्सन आयोजना

- बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा जिल्लाहरूमा कुल १,२२,००० हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य
- यसका अतिरिक्त यस आयोजनाले ३१.०७ मेघावाट विद्युत् उत्पादन गर्ने अपेक्षा समेत रहेको



## १६. महाकाली सिँचाइ आयोजना

❖ आयोजनाको लक्ष्य कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हेक्टर भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने

## १७. भेरी बबई डाइभर्सन योजना

❖ बाँके र बर्दिया जिल्लाका ५१,००० हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने

❖ ४६.८ मेघावाट विद्युत् उत्पादन गर्ने





## १८. पश्चिम सेती जलविद्युत् आयोजना



- सुदूरपश्चिम क्षेत्रको विकासमा आमूल परिवर्तन ल्याउने सम्भावना बोकेको आयोजना
- डोटी, डडेल्धुरा, बैतडी र बझाङ जिल्लामा रहेको
- १२०० मेगावाट विद्युत् उत्पादन हुने अनुमान

## १९. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल




- रुपन्देही जिल्लामा अवस्थित मौजुदा गौतम बुद्ध विमानस्थलको धावनमार्गलाई स्तरोन्नति गरी नयाँ धावनमार्ग निर्माण गरिएको
- नयाँ अतिरिक्त अन्तर्राष्ट्रिय भवन, प्रशासनिक भवन, कन्ट्रोल टावर आदि पनि निर्माण गरिएको
- आयोजनाको लक्ष्य दिगो पर्यटन विकासका लागि मुलुकमा अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नु

## २०. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

- बारा जिल्लाको निजगढमा सुविधा सम्पन्न उच्चकोटिको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने लक्ष्यका साथ आर्थिक वर्ष २०७१/७२ देखि सुरु भएको
- हाल पूर्वतयारीका कामहरू चालु

## २१. रेल, मेट्रो तथा मोनोरेल (पूर्वपश्चिम विद्युतीय रेलमार्ग आयोजना) विकास आयोजना

- आर्थिक वर्ष २०६५/६६ देखि कार्यान्वयनमा आएको
- रेलमार्गको विकासबाट देशको आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्‍याउने उद्देश्य
- मुख्यतया पूर्वपश्चिम रेलमार्ग, काठमाडौं वीरगञ्ज रेलमार्ग, केरुङ-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग र भारतीय रेलसँग जोड्ने

## २२. उत्तर दक्षिण कोसी कोरिडोर आयोजना

- खाँदबारीदेखि उत्तरी सिमाना किमाथाङ्का जोड्ने
- कुल लम्बाइ १६२ किलोमिटर

## २३. काली-गण्डकी कोरिडोर आयोजना

- नवलपुर जिल्लाको गैँडाकोटदेखि गुल्मीको रिडी, बाग्लुङको मालढुङ्गा, म्याग्दीको बेनी र मुस्ताङको जोमसोम हुँदै उत्तरी सिमाना कोरला नाकासम्म सडक निर्माण एवम् स्तरोन्नतिको लक्ष्य
- लोकमार्गको कुल लम्बाइ ४४४ किलोमिटर

## २४. उत्तर दक्षिण कर्णाली कोरिडोर आयोजना

- ❖ कर्णाली प्रदेशको हुम्ला जिल्लामा पर्ने उत्तरी नाका हिल्सा र कालीकोट जिल्लाको कर्णाली राजमार्गको खुलालुसम्म जोड्ने
- ❖ यसअन्तर्गत २६८ किलोमिटर सडक निर्माण गरिने लक्ष्य

## नेपालमा राष्ट्रिय गौरवका आयोजनाका समस्या
## Problems of Projects of National Pride of Nepal

- देशमा व्याप्त राजनीतिक अस्थिरता ।
- बाढी, पहिरो, भूकम्प जस्ता प्राकृतिक प्रकोप ।
- लगानीको अभाव ।
- राजनीतिक दलहरूबिचको सहमतिको अभाव ।
- विकासका पूर्वाधारहरूको अभाव ।
- ठेक्का विवाद तथा ठेकेदारहरूले समयमा काम सम्पन्न नगर्नु ।
- आयोजनाका लागि आवश्यक जग्गा अधिकरणमा विवाद ।


Asmita
Publication
सामाजिक अध्ययन
SOCIAL STUDIES
१०
लेखक
युवराज गौतम
खुबिराम आचार्य
खुबिराम अधिकारी
सम्पादक
टीकाहरि बराल

धन्यवाद !